## पूर्ण इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** रि.पु.इ.नं. ०६७-WF-०००२, उत्प्रेषण समेत, *साझा प्रकाशन सहकारी संस्था लिमिटेड पुल्चोक समेत वि. नरबहादुर गुरूङ्ग समेत*

श्रम ऐनको परिच्छेद्-२ अन्तर्गत दफा १२ मा दरबन्दी कटौती गर्ने कानूनी व्यवस्था रहेको र त्यसरी दरबन्दी कटौती गर्ने गरी भएको आदेश वा निर्णयलाई दफा ६० ले प्रष्ट रूपमा बाहेक गरेको हुँदा त्यस्तो विषयमा दफा ६० बमोजिम श्रम अदालतमा पुनरावेदन लाग्छ भन्न मिल्ने नदेखिने ।

दरबन्दी कटौतीको विषयमा चित्त नबुझ्ने व्यक्तिले कानूनले प्रदान गरेको सोही मार्ग अनुशरण गर्नुपर्ने हुन्छ । मनोमानी दरबन्दी कटौतीउपर छुट्टै कानूनी उपचारको मार्ग विद्यमान भएकोमा त्यस्तो मार्ग परित्याग गरी सजायस्वरूप विभागीय कारवाहीको आदेश वा वर्खास्त गरिएको अवस्थामा आकर्षित हुने दफा ६० बमोजिम श्रम अदालतमा पुनरावेदन लाग्छ भनी कानूनमा भैरहेको प्रष्ट व्यवस्थाको बलपूर्वक गलत व्याख्या गर्न नमिल्ने ।

पुनरावेदन गर्न पाउने हक कानूनी हक हो । यसको लागि कानूनले प्रष्ट रूपमा अधिकार दिएको हुनुपर्दछ । पक्षको समर्पण वा अदालतको तजवीजबाट पुनरावेदकीय क्षेत्राधिकारको विस्तार वा संकुचन हुन सक्दैन । पक्षलाई पर्न गएको मर्का वा अन्य उपचारको अभाव जस्ता कुराहरूको आडमा पुनरावेदन गर्ने अधिकारक्षेत्र रहेको छ भन्ने अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

इति संवत् २०६८ साल बैशाख २९ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको स.फौ.पु.नं. ०६६-CR-०१४६, जवर्जस्ती चोरी, *नेपाल सरकार वि. भीमकुमार लिम्बू समेत*

चोरीको २७ नं. मा बिगो, जरीवाना, कैद वा तीनै थोक समेत गर्दा जबर्जस्ती चोरीमा दश वर्ष कैद हुने भनिए तापनि सो नम्बरले जरीवानाबापत मात्र अधिकतम् कैद यति नै हुने भनी स्पष्ट किटान गरी तोकेको अवस्था नदेखिँदा प्रतिवादीहरूलाई जरीवानाबापत कैद गर्दा दण्ड सजायको ३८ नं. को देहाय (१) मा उल्लिखित कानूनी प्रावधान नै लागू गर्नुपर्ने हुँदा यस सम्बन्धमा चोरीको २७ नं. को व्यवस्था आकर्षित हुन्छ भनी जरीवानाबापत चार वर्षभन्दा बढी कैद कायम गर्नु न्यायसम्मत एवं कानूनसंगत हुने देखिन नआउने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल फागुन २३ गते रोज २ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. WO-०२८२, उत्प्रेषण परमादेश, *राजाराम श्रेष्ठ वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

शिक्षा ऐन, २०२८ को दफा ११ च को प्रावधानबमोजिम लिन थालिएको परीक्षा, अस्थायी सेवा गरेका व्यक्तिहरू बीच सीमित व्यक्तिहरू बीच प्रतिष्पर्धाका आधारमा छनौट गर्ने प्रक्रिया हो । यसमा सर्वप्रथम यस नियमबमोजिमको परीक्षामा समावेश हुन न्यूनतम् योग्यताका अतिरिक्त निर्दिष्ट शर्तहरू पूरा भएको हुनुपर्दछ । शर्त पूरा भएका Criteria का आधारमा योग्य देखिएका व्यक्तिबीच परीक्षा लिई सबैभन्दा बढी अङ्क ल्याउने अर्थात् Merit का आधारमा योग्य व्यक्तिलाई सिफारिश गर्ने हो । निवेदकले दोस्रो चरणको परीक्षामा प्रश्न नउठाई पहिलो चरणको Criteria मा नै प्रश्न उठाएको स्थितिमा यदि पहिलो चरणअनुरूपको Condition नै Fulfill भएको छैन भने उसले परीक्षामा भाग नै लिन नपाउने हुँदा त्यस्तो व्यक्तिले दिएको परीक्षा तथा सोको नतिजाको कानूनी अर्थमा कुनै महत्व नरहने ।

न्यूनतम् अनुभव अर्थात् प्रकाशित सूचनाबमोजिमको शर्त पूरा नभएका राजु श्रेष्ठलाई परीक्षामा सामेल गराई सिफारिश गर्ने गरेको शिक्षक सेवा आयोगको मिति २०६३।४।११ को निर्णय तथा मिति २०६३।४।१२ को सूचना सो हदसम्म त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। प्रकाशित नतिजाअनुसार राजु श्रेष्ठको स्थानमा निवेदक राजाराम श्रेष्ठ उत्तीर्ण हुने स्थिति देखिँदा निजलाई सिफारिश गरी पदस्थापना गर्नु भनी शिक्षक सेवा आयोगको नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६७ साल फागुन २९ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको रिट नं. ०७२४, उत्प्रेषणयुक्त परमादेश, *महेश जाजु वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

खपतको आधारमा विद्युत शुल्क एवं डिमाण्ड शुल्क Justifiable हुन सक्ला तर विद्युत आपूर्ति नै नगरी स्वीकृत के.भि.ए. को आधारमा डिमाण्ड शुल्क लगाइने वर्तमान व्यवस्था उपभोक्ता हितविपरीत हुन्छ। लोडसेडिङ्ग अवधि अर्थात् विद्युत खपत नगरेको अवधिको पनि डिमाण्ड शुल्क लिन पाउने व्यवस्था न्यायोचित मान्न सकिँदैन। विद्युत सप्लाई गर्न नसक्ने अवस्थाको पनि स्वीकृत के.भि.ए. को आधारमा डिमाण्ड शुल्क तिर्नुपर्ने व्यवस्थालाई स्वेच्छाचारी र उपभोक्ता एवं औद्योगिक व्यवस्था विरोधी व्यवस्था मान्नुपर्छ। लोक कल्याणकारी राज्यमा लोडसेडिङ्ग अवधिको समेत डिमाण्ड चार्ज तिर्नुपर्ने व्यवस्थालाई प्राधिकरणको Unjust Enrich हुने व्यवस्था मान्नु पर्छ। आर्थिक उदारीकरणअन्तर्गत खुला बजारमुखी अर्थतन्त्र र नेपालले अपनाएको निजी सार्वजनिक साझेदारीको अभियान समेतलाई यस्तो अवस्थाले Flourish गर्न नसक्ने।

लोडसेडिङ्ग भएको अर्थात् विद्युत आपूर्ति नै नभएको समयको शुल्क लगाउने गरेको कामकारवाही निर्णय न्यायोचित नदेखिने।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल जेठ ५ गते रोज ५ शुभम्।

- यसै प्रकृतिको २०६६ सालको रिट नं. ०७३१, उत्प्रेषणयुक्त परमादेश, *त्रिलोचन अग्रवाल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. WO-०६७६, उत्प्रेषणयुक्त परमादेश, *रविन्द्र सिँह वि. श्रम कार्यालय बागमती अञ्चल समेत*

श्रम ऐन, २०४८ को दफा २२ अनुसार प्रतिष्ठानस्तरको कामदार वा कर्मचारीले पाउने पारिश्रमिक, भत्ता र सुविधा दिने दायित्व सम्बन्धित व्यवस्थापकको हुने व्यवस्थाबमोजिम यी विपक्षी कामदारले काम गरेको उक्त अवधिको पारिश्रमिक यथाशीघ्र दिनुपर्नेमा नदिई यी कामदारलाई मुद्दा गर्नुपर्ने स्थितिसम्ममा पुऱ्याई श्रम कार्यालयले निवेदकबाट विपक्षी कामदारले रू.२४,०००।- पाउने भनी कानूनसम्मत् निर्णय गरेकोमा पनि उक्त रकम भुक्तानी नगरी निवेदक आफैंले श्रम अदालतमा पुनरावेदन गरेकोमा श्रम कार्यालयको फैसलाउपरको पुनरावेदन जिकीरको आधार र सीमाभित्र मात्र बसी श्रम अदालतले निर्णय गर्नुपर्नेमा उल्टै पुनरावेदक निवेदक कम्पनीले यी कामदार विपक्षीलाई रू. ४८,०००।- भराउन पर्ने गरी पुनरावेदन जिकीरको मागको सीमाभन्दा बाहिर गई बढी हर्जाना भराउने गरी श्रम कार्यालयको फैसलालाई उल्टी गरी गरेको फैसला विद्यमान कानून तथा न्यायिक प्रचलनबाट विचलित भई स्वेच्छाचारी रूपले न्यायिक आत्मसंयम विपरीत हुने गरी फैसला गरेको देखिएकोले श्रम अदालतको मिति २०६५।१२।६ को फैसला उत्प्रेषणको आदेशद्वारा बदर भई श्रम कार्यालय बाग्मती अञ्चल काठमाडौंको मिति २०६५।३।२३ को निर्णय सदर हुने।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल चैत १५ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. WO-०२७५, उत्प्रेषणयुक्त परमादेश, *सनतकुमार आचार्य समेत वि. शिक्षक सेवा आयोग, सानोठिमी समेत*

लिखित परीक्षामै अनुत्तीर्ण भई अन्तर्वार्तामा मात्र समावेश हुन गएको छानबीनबाट देखिएको हुँदा भूलसुधार गरी निजहरूको नाम नियुक्तिका लागि सिफारिशको योग्यताक्रमको सूचीमा नपरेको भन्ने लिखित जवाफ व्यहोरालाई निवेदकहरूले अन्यथा प्रमाणित गर्न सकेको नदेखिँदा लिखित परीक्षामै अनुत्तीर्ण भएका व्यक्ति समेत अन्तर्वार्तामा समावेश भएकै आधारमा सफल हुनुपर्ने नत्र वैकल्पिकमा पर्नुपर्ने भन्ने निवेदन जिकीर कानूनसम्मत नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६७ साल चैत २२ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०२२९, उत्प्रेषणयुक्त परमादेश, *सानुमैयाँ महर्जन वि. नेपाल नागरिक उड्डयन प्राधिकरण समेत*

वायुयान मर्मत सम्भारको लागि के कस्तो योग्यता चाहिने भन्ने प्राविधिक कुरा निर्धारण भई सोहीबमोजिमको योग्यता पुगेको व्यक्तिले आवेदन गर्नसक्ने भनी सूचना प्रकाशित भएको र हवाई उडान तथा वायुयान मर्मत सम्भारसम्बन्धी यावत् कार्यहरू उच्च प्राविधिक कुरा भएकोले त्यस्ता कार्यहरूको व्यवस्थापन तथा नियमनलगायतका कार्यहरूका सम्बन्धमा नेपाल नागरिक उड्डयन प्राधिकरणले नियमन गर्नसक्ने कानूनी व्यवस्था रहेकोमा त्यस्ता उच्च प्राविधिक कुराहरूका सम्बन्धमा अदालतले हस्तक्षेप गर्न मनासिब नहुने ।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६७ साल माघ १७ गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४ सालको रिट नं. ०२९८, उत्प्रेषणयुक्त परमादेश, *दिल्लीराम समेत वि. नेपाल वायु सेवा निगम, नयाँ सडक समेत*
- २०६३ सालको रिट नं. ०३२७, उत्प्रेषणयुक्त परमादेश, *सानुमैयाँ महर्जन वि. नेपाल वायु सेवा निगम, नयाँ सडक समेत*

६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रिट नं. WO-०००७, उत्प्रेषणयुक्त परमादेश, *विश्वनाथप्रसाद शाह वि. जिल्ला शिक्षा कार्यालय, गौर समेत*

सरूवा भई जाने र आउने शिक्षकले जिल्ला शिक्षा अधिकारीसमक्ष निवेदन दिनुपर्ने व्यवस्थाबमोजिम यी दुबै शिक्षकले उल्लिखित स्थानमा सरूवा भई जान पारस्पिरिक सरूवाको निवेदन दिई जिल्ला शिक्षा अधिकारी समेत सहमति भई निजले सरूवा निर्णय गरी माग गरेको सरूवा स्थानमा कार्यरत् रही रहेको अवस्थामा पुनः हठात उक्त सरूवा बदर गर्ने गरेको जिल्ला शिक्षा अधिकारीको निर्णय शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली २०५९ को कानूनी प्रावधानअनुकूल रहेको नदेखिने ।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल चैत २२ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रिट नं. ०२८६, उत्प्रेषण, *बच्चुलाल चौधरी वि. गणेशप्रसाद ओझा समेत*

रिट निवेदक आफैले नै मिति २०३०।१२।१५ मा मोही छोडपत्र गर्ने ईच्छा भएको हुँदा छोडपत्र गराई पाऊँ भनी भूमिसुधार कार्यालयमा निवेदन गरी उक्त निवेदनमा सनाखतसमेत गरिदिएको देखिएकोले निज आफैंले दिएको निवेदनमा कारवाही गर्दा निजलाई फेरि अर्को सूचना दिनुपर्ने भन्ने कानूनी बाध्यता र प्रयोजन समेत नरहने हुँदा निजलाई सुनुवाइको मौका दिइएन भन्ने निवेदन जिकीर कानूनसम्मत् नदेखिने ।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल चैत २४ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०४४६, उत्प्रेषणयुक्त परमादेश, *देवराज पाण्डेय वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल समेत*

नगरपालिकाको आदेशउपर साधारण अधिकारक्षेत्रअन्तर्गतको वैकल्पिक मार्ग रोजी पुनरावेदन

गरी पुनरावेदन अदालतबाट फैसला समेत भै पुनः निर्णयको लागि नगरपालिकामा पठाइएको अवस्थामा असाधारण अधिकारक्षेत्रअन्तर्गत यस अदालतले प्रस्तुत रिटबाट हस्तक्षेप गर्न मिल्ने अवस्था देखिन आएन। तसर्थ साधारण अधिकारक्षेत्रअन्तर्गत विचाराधीन रहेको विषयवस्तुका सम्बन्धमा निवेदकले सोही क्षेत्राधिकारअन्तर्गत उपचार प्राप्त गर्नसक्ने।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल चैत २१ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०४५०, उत्प्रेषणयुक्त परमादेश, *मोहनदेव विष्ट वि. नेपाल सरकार, शिक्षक सेवा आयोग, सानोठिमी समेत*

तोकिएको अवधि पूरा गरेको शिक्षक मध्येबाटै स्रोत व्यक्तिमा खटाइने र खटाइएको ठाउँमा जानुपर्ने र स्रोत व्यक्तिको रूपमा काम गरिसकेको व्यक्ति पछि पुनः शिक्षक दरबन्दीअन्तर्गतकै रहने हुँदा स्रोत व्यक्तिको रूपमा काम गरेको अवधिको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनबापतको अङ्क गणना नगर्ने हो भने तिनीहरूप्रति अन्याय हुन जाने हुन्छ। यस स्थितिमा कोही शिक्षक स्रोत व्यक्तिको रूपमा खटिन तत्पर नहुने अवस्था आई स्रोत व्यक्ति व्यवस्थापनमा समेत कठिनाई उत्पन्न हुने अवस्था आउन सक्छ। यी विपक्षीलाई मिति २०६३।५।१ बाट लागू हुने गरी पदाधिकार रहेको विद्यालयमा हाजिर हुन पठाएको छ भनी जिल्ला शिक्षा कार्यालय दार्चुलाको पत्रमा उल्लेख भएकोले निज सो अवधिमा काजमा रहेको र सोही विद्यालयमा नै कार्यरत् रहेको कुरामा विवाद देखिएन। शिक्षा नियमावली, २०५९ को नियम १११(१) मा जिल्ला कार्यालयले काजमा खटाउन सक्ने व्यवस्थाबमोजिम नै काजमा रहेको हुँदा सो अवधिको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कन अवधि शून्यमा जाने अवस्था न्यायोचित हुन नसक्ने।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल चैत २८ गते रोज २ शुभम्।

१०

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको रिट नं. WO-३४०, उत्प्रेषण परमादेश, *अमीत ढुंगाना वि. त्रिभुवन विश्वविद्यालय, प्राज्ञिक परिषद् कीर्तिपुर समेत*

निवेदकले एउटा संस्थामा Class लिएको र अर्को संस्थामा पछि रिक्त हुन आएको सिटमा भर्ना हुन खोजेकोमा पाठ्यक्रम एउटै भए पनि दुई छुट्टाछुट्टै संस्थामा अलग अलग शिक्षकले अलग अलग तरिकाले अध्यापन गर्नसक्ने र पाठ्यक्रमका विभिन्न परिच्छेद् अघि-पछि गरेर अध्यापन हुन सक्ने अवस्थामा पढाइमा कुनै असर पर्दैन भन्ने निवेदकको दावीसँग सहमत हुन सकिएन। विपक्षीबाट मिति २०६७।३।३१ बाट अध्ययन शुरू भै लगभग ८० प्रतिशत कोर्ष पूरा भै सकेको भन्ने लिखित जवाफबाट देखिन्छ। यस स्थितिमा एम.एस्सी. को शैक्षिक वर्षको अन्तिम समयमा आएर प्रवेश परीक्षा लिएर निजलाई समावेश गर्नु भन्नु कानून तथा तर्कसंगत नदेखिने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६७ साल फागुन ४ गते रोज ४ शुभम्।

११

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. प्र.डा.श्री भरतबहादुर कार्की,** २०६३ सालको रिट नं. WO-१०७२, उत्प्रेषणयुक्त परमादेश, *भैरवानन्द वैद्य वि. पुनरावेदन अदालत पाटन, समेत*

२०३४ सालको बण्डापत्र जालसाजी भयो भनी सो बदर गराई पाउन यी निवेदक २०६३ सालमा फिराद लिई गएको देखिएको र उक्त फिराद गर्नलाई हदम्यादको अभाव देखिएकोले फिराद दरपीठ र सोलाई सदर गर्ने गरी भएका आदेश कानूनसम्मत् नै देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६८ साल बैशाख ७ गते रोज ४ शुभम्।

१२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६३ सालको रिट नं. WO-१०९०, उत्प्रेषणयुक्त परमादेश, *सुशीला झा वि. मालपोत कार्यालय, धनुषा समेत*

निवेदिकाको सगोलका पति वैद्यनाथ झाले सहकारी संस्थासंग ऋण लिएको देखिएको,

पटकपटकको ताकेतापश्चात् पनि उक्त ऋण तिरे बुझाएको नदेखिएको सगोलमा बस्दा निवेदिका समेतको हक हितका लागि पतिले लिए खाएको ऋणको दायित्व निवेदिकासमेतले व्यहोर्नु पर्ने देखिएको, विवादित जग्गा ऋणीसमेतको अंश हकको देखिएको अवस्थामा तिर्नु बुझाउनु पर्ने ऋण नबुझाएको अवस्थामा सगोलको विवादित जग्गाबाट आफ्नो बाँकी बक्यौता विपक्षी सहकारी संस्था लि.ले असूलउपर गर्न पाउने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६७ साल फागुन ९ गते रोज २ शुभम् ।

१३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको रिट नं. ००६८, उत्प्रेषणयुक्त परमादेश, *लोकप्रसाद भुर्तेल वि. मा. मन्त्री मिनेन्द्र रिजाल, नेपाल सरकार, संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय समेत*

कानूनबमोजिम निश्चित पदावधि तोकिई नियुक्त भएको पदमा तोकिएको पदावधि अगावै जायज कारणबाट हटाउन सकिन्छ । तर, त्यसरी कार्यकाल अगावै हटाउनु परेको कारण र आरोप उल्लेख गरी निजलाई आफ्नो सफाइ पेश गर्ने मौका दिई स्पष्टीकरण समेत सोधी निजले सफाइस्वरूप पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएको अवस्थामा मात्र उक्त पदबाट हटाउन सकिने हो । त्यसरी हटाउँदा पनि हटाउने आधार, कारण पनि स्वेच्छाचारी नभई वस्तुनिष्ठ र औचित्यपूर्ण हुनुपर्ने ।

देवघाट क्षेत्र विकास समिति (गठन) आदेश, २०५० को दफा ६(३) मा कार्यकारी निर्देशकको स्पष्ट दरबन्दी तोकिएको र पदावधि किटिएको कार्यकारी निर्देशकलाई प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सुनुवाइको मौका समेत दिई कानूनसम्मत तवरले हटाउनु पर्नेमा निजलाई कानूनविपरीत पूर्वाग्रही तवरले बिनाकारण स्वेच्छिक ढंगले अवकाश दिएको कार्य कानूनसम्मत नदेखिने ।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल जेठ १ गते रोज १ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको दे.पु.नं. ५२६, जग्गा दर्ता नामसारी, *जयप्रसाद रेग्मी वि. तेजमती किसी समेत*

प्रस्तुत विवादमा गुठी संस्थानको प्रशासकबाट साविक गुठीको सम्बन्धमा निर्णय भएको नभई गुठी संस्थान शाखा कार्यालय भक्तपुरबाट टिप्पणी आदेशको रोहबाट निर्णय भएको देखिएको र त्यसरी निर्णय भएको विषय पनि गुठी जग्गाको दर्तासम्बन्धी विषयको नभई गुठी जग्गाको मोही हक नामसारी विषयसँगै सम्बन्धित रहेको देखिने ।

पुनरावेदकीय अधिकार कानूनी अधिकार भएकोले कानूनले अधिकार नदिएको अवस्थामा पुनरावेदन लाग्ने स्थिति हुँदैन । यसकारण गुठी संस्थान शाखा कार्यालय भक्तपुरबाट मोही हक नामसारी सम्बन्धमा भएको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने व्यवस्था कानूनले नै नगरेको एवं यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त समेतको आधारमा यस्तो विषयमा पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने अवस्था नदेखिने ।

गुठी संस्थान शाखा कार्यालय भक्तपुरबाट भएको निर्णयउपर पुनरावेदन अदालत पाटनमा पुनरावेदन लाग्न सक्ने अवस्था नदेखिएकोमा पुनरावेदन सुनी पुनरावेदन अदालत पाटनबाट भएको निर्णयमा अधिकारक्षेत्रात्मक त्रुटि देखिँदा कायम रहन सक्ने अवस्था नदेखिँदा अ.बं. ३५ नं. बमोजिम बदर हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल मंसिर २१ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६० सालको रिट नम्बर ३०६२, उत्प्रेषण समेत, *महेन्द्रबहादुर श्रेष्ठ वि. हिमालयन डिष्टीलरी कं. लि. समेत*

निवेदकले माग गरेको उपचार कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी भएको निर्देशनबमोजिम निवेदकले पनि पाउने अवस्था भएको र विपक्षी

कम्पनीको तर्फबाट उक्त निर्देशन बदर गरिपाऊँ भनी परेको रिट निवेदन खारेज हुने ठहरी फैसला भई कम्पनी रजिष्ट्रारको कार्यालयबाट दिइएको निर्देशन कायमै रहेबाट शेयर जफत गर्ने सम्बन्धमा विपक्षी कम्पनीबाट भएको निर्णय एवं तत्सम्बन्धमा भएको पत्राचार कार्यान्वयन हुनसक्ने स्थिति नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल साउन १६ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको स.फौ.पु.नं. ०१३२, नकबजनी चोरी, *नेपाल सरकार वि. धनबहादुर वाइबा तामाङ्ग*

इलेक्ट्रोनिक्स सामानको मर्मत गर्ने पसलमा पुरानो सामान खरीद बिक्री तथा मर्मत गरिने कुरालाई अस्वाभाविक मानिदैन । यस्तो अवस्थामा प्रतिवादीले धनबहादुरको जानीजानी चोरीको सामान खरीद गरेको भन्ने वादी पक्षको अभियोग दावी प्रमाणित हुन सकेको नदेखिने ।

चोरीको सामान हो भन्ने कुरा जानीजानी सामान लिएको भन्ने नदेखिएको तथा पुरानो सामानलाई नयाँको हिसाबले मोल कायम गरी निज प्रतिवादीलाई लगाएको अभियोग चोरीको २३ नं. अनुकूलको नदेखिएकोले अभियोग माग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल मंसिर ५ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६५ सालको स.फौ.पु.नं. ०१३१, नकबजनी चोरी, *नेपाल सरकार वि. धनबहादुर वाइबा तामाङ्ग* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको CR-०३३०, कर्तव्य ज्यान, *शान्तिदेवी सहनी वि. नेपाल सरकार*

मृतक इन्दुदेवीले आफैंले विष सेवन गरी आत्महत्या गरेर मरेकी भए निजको लास कहाँ गयो, किन लासजाँच मुचुल्का हुन सकेन, घरको सदस्यको आत्महत्या भएकोबारे किन घर परिवारले कहीं जाहेरी दिएनन्, कानूनी प्रक्रिया किन अवलम्बन गरिएन आदि कुराबारे कुनै व्यहोरा खुलाएको पाइएन । इन्दुदेवी आफैंले विष सेवन गरी आत्महत्या गरेकी भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकीर अन्य प्रतिवादीको अदालतमा भएको बयानबाट समेत पुष्टि भएको नपाइने ।

आफ्नो छोरा प्रभु सहनीले मृतक इन्दुदेवीसँग अनैतिक सम्बन्ध राखेको कारण गाउँ समाजको दवावमा निजलाई घरमा भित्र्याउन बाध्य भएको र आफ्नो घरको अनिच्छित सदस्यको रूपमा रहेकी इन्दुदेवीलाई आफू र आफ्नो छोरा प्रभु सहनीले खानामा विष खुवाई मारेपश्चात् उक्त अपराधबाट बाँच्नको लागि अन्य प्रतिवादीहरू समेतको सहयोगमा उक्त लास तियर नदीमा फाली दबाएको भन्ने प्रतिवादी शान्तिदेवीको अनुसन्धान अधिकृतसमक्षको बयानलाई उपरोक्त बयान मिसिल संलग्न अन्य प्रमाणबाट स्पष्टरूपमा प्रमाणित भएको अवस्था देखिने ।

प्रतिवादीले मृतकलाई झुक्याई खानामा विष हाली विष सेवन गराएबाट मृतक इन्दुदेवीको मृत्यु भएको र निज समेतको मिलेमतोमा मृतकको लास दबाइएको देखिन आएकोले निजलाई अभियोग माग दावीबमोजिम सजाय हुने ।

प्रतिवादी शान्तिदेवी सहनीलाई ज्यानसम्बन्धी महलको १ नं. र ४ नं को कसूर अपराधमा ऐ. को १३(२) नं. बमोजिम सजाय हुने ठहऱ्याएको शुरू बारा जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६५।४।२८ को फैसला मिलेकै देखिँदा मनासिब ठहर्ने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल मंसिर ८ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०७६६, हकसफा, *लिलामणि सुवेदी वि. गोमादेवी सुवेदी समेत*

पुनरावेदक वादीलाई सन्धिसर्पन नपर्ने हुँदा हकसाफी हुनुपर्ने हैन भन्ने प्रतिवादीको इन्कारी प्रतिउत्तरपत्र रहेको अवस्थामा सबूद प्रमाणको मूल्याङ्कन गरी निष्कर्षमा पुग्नुपर्ने अवस्था र स्थितिमा त्यस्तो निर्णय गर्ने अधिकार मालपोत कार्यालयलाई रहे भएको

देखिन्न । जुन विषयमा मालपोत कार्यालयले क्षेत्राधिकार नै ग्रहण गर्नसक्ने देखिन्न, यस्तो विषयमा मालपोत कार्यालयले गरेको निर्णयलाई पुनरावेदन सुन्ने अदालतले न्याय प्रशासन ऐन, २०४८ को दफा १४ अन्तर्गतको कानूनी प्रावधानबमोजिम बुझी हेरी आफैं निर्णय गर्न सक्ने भन्ने उक्त दफाको मनसाय होइन । उक्त दफा १४ मा रहेको प्रावधानको उद्देश्य स्पष्ट क्षेत्राधिकार भएका निकाय, अदालतले गर्न बिराएका छुटाएका विषयमा पुनरावेदन सुन्ने अदालतले आफ्नो क्षेत्राधिकार विस्तार गर्ने हो । यसर्थ सबूद प्रमाणको मूल्याङ्कन गरी मुद्दाको निर्णयमा पुग्ने अधिकारक्षेत्र मालपोत कार्यालय सुनसरीमा नरहेका कारण हक बेहकतर्फ मुलुकी ऐन, रजिष्ट्रेशनको ३५(२) अनुसार नालेस गर्न जिल्ला अदालतमा जान सुनाएको पुनरावेदन अदालतको फैसला कानूनसंगत नै देखिने ।

इजलास अधिकृतः खड्ग अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल फागुन १९ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको दे.पु.नं. ०६६-CI-०२३२, ०६६-CI-२३३, लेनदेन, *सिकन्दरप्रसाद यादव वि. रामाश्रयप्रसाद सिँह, रामाश्रयप्रसाद सिँह वि. सिकन्दरप्रसाद यादव*

दुई पक्षबीच भएको लेनदेन कारोवार समय परिस्थिति र अवस्थाअनुसार फरक हुने गर्दछ । भरपाईको व्यहोरा यो यस्तो हुनुपर्दछ भनेर प्रचलित कानूनले निश्चित गरेको छैन । अतः अन्य व्यहोराको भरपाई हो भन्ने वादीले पुष्टि गर्न नसकेको अवस्थामा डायरीको टिपोट भरपाईलाई मान्यता दिनुपर्ने ।

इजलास अधिकृतः खड्ग अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल माघ २७ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको फौ.पु.नं. ०६६-CR-०६११, अदालतको अपहेलना, *सुष्मा सैंजू वि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, रूपन्देही समेत*

कसैले अदालतले दिएको आदेश वा निर्देशनको बेवास्ता गरी सो आदेशको बर्खिलाप क्रियाकलाप गरेको वा कुनै किसिमको सार्वजनिक अभिव्यक्ति दिई अदालतप्रति अनास्था उत्पन्न गर्ने काम गरेको देखिन आएमा अदालतको अपहेलना गरेको भन्ने भन्न मिल्ने हुन्छ । तर प्रस्तुत मुद्दामा विपक्षीहरूले अदालतको आदेश प्राप्त भएपछि सो आदेशको बर्खिलाप हुने गरी कुनै काम कुरा भए गरेको देखिन नआएकोले विपक्षीहरूले अदालतको अपहेलना गरेकोले विपक्षीहरूलाई सजाय गरिपाऊँ भन्ने निवेदनको माग दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल माघ २७ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०२३९, परमादेश, *शान्तादेवी पौडेल वि. भूमिसुधार कार्यालय, मोरङ्ग*

मुल्तवी सम्बन्धमा साधिकार निकायसमक्ष विचाराधीन अवस्थामा रहेको र आवश्यक कानूनी प्रक्रिया पूरा गर्दागर्दैको स्थिति तथा कार्यविधिगत प्रक्रिया पूरा गर्न बाँकी रहँदारहँदैका अवस्थामा रिटको माध्यमबाट यस्तो निर्णय वा आदेश गर्नु वा नगर्नु भनी भन्न मिल्ने अवस्था देखिन नआउने ।

भूमिसुधार कार्यालयबाट मुल्तवी राखिपाऊँ भन्ने निवेदन दर्तासम्म भै मुल्तवी रहने नरहने सम्बन्धमा निर्णय दिन बाँकी नै रहेको यस्तो अवस्थामा प्रस्तुत रिट निवेदन जारी हुनसक्ने अवस्था नदेखिँदा खारेज हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल फागुन ९ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको २०६३ सालको दे.पु.नं. ०६३-CI-०२३८, निषेधाज्ञा, *शान्तादेवी पौडेल वि. भूमिसुधार कार्यालय, मोरङ्ग समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०२९७, छूट जग्गा दर्ता, *मालपोत कार्यालय, सुनसरी वि. मुनियादेवी भदेशवार*

सरयुग यादव भदेशवारले विवादित जग्गा सर्भे नापी भएपछि तत्काल २०२८ सालमा जग्गा

दर्ता सम्बन्धमा निवेदन दिएको र सोही निवेदनलाई निरन्तरता दिंदै सोही आधार प्रमाणबाट कि.नं. ५८ को जग्गा दर्ता समेत भैसकेको, उक्त जग्गा २००४ सालको सर्भे नापीमा पनि सरयुगकै नामदर्ताको भन्ने देखिएको, साविक रै.नं. २५ मा ज.वि. ११-१०-२ जग्गा दर्ता रहेको भन्ने देखिएको र निवेदन मागदावी पनि सोहीअनुरूपको देखिएको साविक कि.नं. ११९ को कूल ज.वि. १०-०-०-० देखिएकोमा नापी हुँदा कि.नं. ५८ र कि.नं. ३२ दुई कित्ता कायम भै सो मध्येकै कि.नं. ५८ बाट ७-८-५ मात्र जग्गा दर्ता भैसकेको देखिएको र कि.नं. ३२ को कूल ५-१५-११ धूर जग्गामध्ये सडकमा परेको जग्गा कटाई बाँकी वादीको हक भोगमा रहेको २-११-१५ जग्गा मात्र निवेदकको नाममा दर्ता हुने देखिँदा कि.नं. ३२ मा पर्ने सबै जग्गा सार्वजनिक हुनुपर्दछ । कि.नं. ३२ मा पर्ने सार्वजनिक सडकको जग्गा जति कटाई बाँकी रहेको जति वादीको ज.वि.२-११-१५ जग्गा निवेदकको नाममा दर्ता हुने भै जग्गाधनी प्रमाण पूर्जा समेत पाउने ।

इजलास अधिकृतः हेमबहादुर सेन
कम्पयुटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल फागुन १० गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कमलनारायण दास,** २०५९ सालको दे.पु.नं. ९२६०, मोही नामसारी, *जीतेन्द्रकुमार यादव वि. लिलाई खंग खत्वे*

मोहीमा पत्याउने कुरा हालका जग्गाधनीले जग्गा खरीद गर्नुपूर्व नै सम्पन्न भैसकेको देखिएको र प्रत्येक पटक जग्गाको स्वामित्व परिवर्तन भई कायम हुन आउने नयाँ जग्गाधनीलाई आफूले हक छुटाई लिएको ज.ध.ले जग्गा सम्बन्धमा व्यहोरेको कानूनी दायित्वलाई इन्कार गर्ने वा पुनः मोही पत्याउने अवस्था नआउने ।

इजलास अधिकृतः हेमबहादुर सेन
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल फागुन १० गते रोज ३ शुभम् ।

- यसै लगाउको २०५९ सालको दे.पु.नं. ९२६१, मिलापत्र बदर, *जीतेन्द्रकुमार यादव समेत वि. लिलाई खंग खत्वे* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ३

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** ०६४-WO-६३२, उत्प्रेषण, *माधवराज पन्त वि. मीनबहादुर गुरूङ समेत*

बैंकिङ कारोवारसम्बन्धी मान्य प्रचलनअनुरूप बैंकहरूले निक्षेपकर्ताको निक्षेपको रकम गोप्यता राख्ने र निक्षेप रकम निजबाहेक अरूलाई दिन बाध्य हुँदैनन् पनि । निक्षेपकर्ताको मृत्यु भएको भनी कानूनी रूपमा प्रमाणित भएको अवस्थामा र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ८१ को अवस्था र खाता खोल्दा निक्षेपकर्ताले कुनै व्यक्तिलाई इच्छाएको अवस्थामा बाहेक निक्षेपकर्ताको रकम बैङ्कले अरू व्यक्तिलाई भुक्तानी गर्न नसक्ने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६७ साल माघ ११ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६६ सालको दे.पु.नं. २७९, हक कायम नामसारी, *घनश्याम राजकर्णिकार वि. ज्ञानदास राजकर्णिकार*

हक कायम गराउन अदालतमा जानुपर्ने गरी मालपोत कार्यालयले गरेको निर्णयउपर वादी ज्ञानदास राजकर्णिकारको पुनरावेदन परी मालपोत कार्यालयले गरेको निर्णय सदर हुने ठहरी अदालतबाट मिति २०६२।१२।१० मा फैसला भएको जनाउ म्याद वादी ज्ञानदासले मिति २०६३।५।१ मा प्राप्त गरी सो मितिबाट ३५ दिनभित्र मिति २०६३।६।३ मा प्रस्तुत मुद्दाको फिराद परेको हुँदा उक्त फिरादलाई हदम्यादभित्रकै मान्नुपर्ने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६७ साल चैत १७ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६-CI-०१६६, जग्गा खिचोला मेटाई दिवाल भत्काई चलन चलाई पाऊँ, *चेतराम कुर्मी वि. राजेश वर्मा कुर्मी*

विवादको न.नं. ४ र ५ को प्रतिवादीको भोगमा रहेको जमीन वादीको न.नं. ३ को कि.नं. २१५ को जग्गामध्येकै जग्गा भएको देखिन आएको छ। विवादको जमीन पुनरावेदक प्रतिवादीको भएको भए वादीको नामको भएको दर्ता र नापी नक्सा बदर गराउन मौकामा नालिस दिनुपर्ने थियो। सो काम भएको भन्ने प्रतिवादीको जिकीर रहे भएको पाइँदैन। आफ्नो हक स्वामित्व नरहेको अर्काको दर्ता स्रेस्ताको जमीन भित्र्याएर पर्खाल लगाउँदैमा जग्गाको हक कायम हुन नसक्ने।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६७ साल चैत ६ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** ०६७-RC-००२६, ०६७-CR-००४९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रञ्जनकुमार श्रेष्ठ, रञ्जनकुमार श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा गंगाराम लुहारको पैसा हराएको विषयमा पञ्चे लुहारले प्रतिवादीलाई चोरीको आरोप लगाएको कारण वैमनस्य रहेको, मृतक र प्रतिवादीबीच मारपीट भएको, भैरहने गरेको, घटना भएको दिन होलीको मौकामा रक्सी खाई बाटोमा आउँदा पञ्चे लुहारसँग जम्काभेट भएको, मृतकले झगडा गर्दा आपसमा हानाहान भएको, मृतक पञ्चे लुहारलाई प्रतिवादीले ३।४ मुक्का हानेपछि नजिकै रहेको काठको लाठीले मृतकलाई हान्दा मृतक भूईंमा ढलेको, बाटोमा कसैले देख्ला भनी मृतकलाई घिसार्दै नजिकैको सरस्वती सामुदायिक वन उपभोक्ता समूहको नर्सरी जङ्गलमा लगी मरेको यकीन गरी मृतकको शरीरमा खर राखी साथमा भएको लाइटरले लासमा आगो लगाई घटनास्थलबाट भागी गएको भन्ने समेतको अपराधको घटनाका कडीहरू (Chain of Acts) लाई मौकाका मानिसहरूको भनाई जाहेरी दरखास्त समेतबाट पुष्टि भै रहेको अवस्थामा प्रतिवादीले प्रहार गरेको लाठीको चोटबाट मृतकको मृत्यु हुन गएको देखिने।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल जेठ १८ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** ०६६- CR-०५९९, कर्तव्य ज्यान, *जीतबहादुर राई वि. नेपाल सरकार*

प्रतिवादीले आफ्नो आमालाई तत्काल उठेको रिसको झोकमा हातमा भएको बञ्चरो टाउकोमा प्रहार गरी त्यसैले चोटबाट मृतकको मृत्यु भएको भन्ने जाहेरी दरखास्त, प्रतिवादी स्वयंको साविती बयान र मौकामा कागज गर्ने व्यक्तिहरूको भनाइबाट पुष्टि भएको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी आफूलाई जन्मदिने आमाको ज्यानै मार्नुसम्मको प्रतिवादीका कुनै नियत वा मनसाय देखिन खुल्न नआई रोगबाट पीडित भै सोही चिडचिडाहट बढ्न गै अपराध गरेकोले ऐनबमोजिमको सजाय गर्दा चर्को पर्ने लागेकोले प्रतिवादी जीतबहादुर राईलाई ७ वर्ष मात्र कैदको सजाय गरी अ.बं. १८८ नं. बमोजिम साधक जाहेर गरिएको र पुनरावेदन अदालत इलामको फैसला मुनासिब देखिँदा सदर हुने।

प्रतिवादी देशकुमार भन्ने जीतबहादुर राई कार्यालयको रेकर्डअनुसार मिति २०६७।६।१५ गते मृत्यु भइसकेको भनी कारागार कार्यालय मोरङ्ग विराटनगरको च.नं. २३५० मिति २०६८।१।२८ को पत्रबाट यस अदालतलाई जानकारी पठाएको देखिँदा मृत्यु भई सकेका पुनरावेदक प्रतिवादीलाई भएको सजायको हकमा मुलुकी ऐन, दण्ड सजायको महलको ३ नं. अनुसार केही गर्नु नपर्ने।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल जेठ १८ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६५ सालको रिट नं. ०६४-WO-०९८३, उत्प्रेषण, *शारदा दवाडी वि. दीपनारायण चौधरी समेत*

निवेदकले मोही लगत कट्टाका लागि पेश गरेको निवेदनमा दावी नपुग्ने भनी मिति २०६४।१२।२४ मा भूमिसुधार कार्यालयबाट ठहर निर्णय गरेउपर पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन गरेको छ भनी निज निवेदकले रिट निवेदनमा उल्लेख गरेको

देखिँदा सोही मुद्दाबाट मोहीको दावी गर्ने व्यक्ति मोही हो होइन भन्ने सम्बन्धमा यकीन निर्णय हुने हुँदा यस रिटमा केही गरिरहनु नपर्ने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६७ साल साउन २७ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६५ सालको रिट नं. ०६४-WO-०९८४, उत्प्रेषण, *पदमप्रसाद दवाडी वि. दीपनारायण चौधरी समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. २८७५, उत्प्रेषणयुक्त परमादेश समेत, *गौतम डंगोल समेत वि. काठमाडौं महानगरपालिका बागदरवार समेत*

स्थानीय स्वायत्त शासन, २०५५ मा नगरपालिका भन्नाले दफा ८० अनुसार गठित नगरपालिकालाई जनाउने छ भनिएको छ भने उक्त दफा ८०(१) मा नगरपालिकाको गठनको सम्बन्धमा व्यवस्था गर्दा नगर परिषद्को कार्यकारिणीको रूपमा एक नगरपालिका गठन गरिने छ भनिएको छ । उक्त व्यवस्थाबाट नगरपालिका स्वयं नै नगर परिषद्को कार्यकारिणी निकायको रूपले काम गर्नको लागि गठन गरिएको निकाय हो भन्ने बुझिन्छ । यसै गरी, उक्त ऐनको दफा ८०(२) मा गरिएको व्यवस्थाअनुसार नगरपालिका भन्नाले नगर प्रमुख, उपनगरप्रमुख तथा सदस्यहरूको सामूहिक स्वरूप हो भन्ने देखिन्छ । उक्त कानूनी व्यवस्थाको आधारमा नगर प्रमुख नै नगरपालिका होइन र ऐनमा नै नगर प्रमुखले गर्ने भनी तोकिएको कामबाहेक नगरपालिकाको नाममा हुने अन्य सम्पूर्ण कामकारवाहीको सञ्चालन नगरपालिकाको बैठकको निर्णयअनुसार मात्र हुनुपर्ने ।

पुरातात्विक एवं सांस्कृतिक महत्व भएको धरहरा तथा धरहरा क्षेत्रको संरक्षकत्वको व्यवस्थापन गर्ने सम्बन्धमा विपक्षी काठमाडौं महानगरपालिकाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को उक्त दफा ९६(ङ) अनुसारको संरक्षण गर्ने जिम्मेवारी तथा उक्त क्षेत्रको स्वामित्व रहेको नेपाल सरकारको प्रतिनिधिको हैसियतमा समेत निर्वाह गर्नुपर्ने सार्वजनिक दायित्वको जिम्मेवारी समेत दोहोरो जिम्मेवारी वहन गर्नुपर्ने ।

पुरातात्विक तथा सांस्कृतिक महत्वको विषय हुनुको साथै सार्वजनिक सम्पत्तिको रूपमा नेपाल सरकारको स्वामित्वमा रहेको धरहरा क्षेत्रलाई व्यापारिक तथा पर्यटकीय प्रयोजनको लागि उपयुक्त हुने गरी विकास तथा सम्बर्द्धन गरी यसबाट शुल्क समेत उठाउने र सो कामको लागि २० वर्षको लामो अवधिको लागि विपक्षी मध्येका साइड वाकर्स ट्रेडर्स प्रा.लि. सँग सम्झौता गर्ने कार्य महत्वपूर्ण सार्वजनिक महत्वको विषय हुनुको साथै दीर्घकालीन नीतिगत विषय हो भन्ने कुरामा समेत कुनै विवाद हुन सक्तैन । यस्तो सार्वजनिक महत्वको दीर्घकालीन असर पार्ने नीतिगत विषयमा निर्णय गर्ने अधिकार नगर प्रमुखमा नरही नगरपालिकामा नै रहन्छ भन्ने कुरा नगर प्रमुखको काम कर्तव्य तथा अधिकारको विषयमा उक्त ऐनको दफा ९७ तथा १५५ मा गरिएको व्यवस्थाबाट पनि प्रष्ट हुने ।

सार्वजनिक सम्पत्तिको रूपमा रहेको धरहरा र धरहरा क्षेत्रलाई व्यावसायिक प्रयोजनको लागि विकास गरी प्रयोग गर्ने सोबाट शुल्क उठाउनेलगायतको अधिकार दिई २० वर्ष लामो अवधिको लागि विपक्षी साइड वाकर्स ट्रेडर्स प्रा.लि.सँग सम्झौता गर्ने सम्बन्धमा विपक्षी महानगरपालिकाबाट नीतिगत निर्णय भएको नदेखिएको र यससम्बन्धी सम्झौता गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने बारेमा महानगरपालिकाबाट कुनै निर्णय समेत नभएको अवस्थामा विवादित सम्झौता गर्ने अख्तियार विपक्षीमध्येको तत्कालीन नगरप्रमुखमा रहे भएको छ भन्न सकिने अवस्था नरहने ।

काठमाडौं नगरपालिकाका तत्कालीन नगरप्रमुख एवं साइड वाकर्स ट्रेडर्स प्रा.लि. बीच विवादित सम्झौता हुँदा तत्कालीन नगरप्रमुखलाई अधिकार प्रत्यायोजन गरेको नदेखिनुको अतिरिक्त पुरातात्विक महत्वको सार्वजनिक सम्पत्तिको रूपमा रहेको धरहरा क्षेत्रको सम्भार, संरक्षण, संवर्द्धन र व्यवस्थापन गर्ने जिम्मेवारी एवं दायित्व बोकेको विपक्षी काठमाडौं महानगरपालिकाले उक्त सम्पत्तिलाई २० वर्ष लामो अवधिको लागि व्यावसायिक प्रयोजनमा प्रयोग गर्न पाउने गरी अपारदर्शी तथा अप्रतिस्पर्धात्मक किसिमले विपक्षीमध्येका साइड वाकर्स ट्रेडर्स प्रा.लि. सँग भए गरेको विवादित मिति २०६१।१।३१ को

सम्झौताका शर्तहरू तथा अन्य व्यावसायिक सम्बन्धको विषयलाई समेत सार्वजनिक हितको लागि समेत पुनरावलोकन गर्नुपर्ने ।
इजलास अधिकृतः रमेशप्रसाद रिजाल
इति संवत् २०६७ साल माघ ४ गते रोज ३ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह, मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको CI-०९२५, परमादेश, *छविलाल पौडेल वि. तारातल गाउँ विकास समितिको कार्यालय, तारातल बर्दिया समेत*

पुनरावेदकले मिति २०४६।४।४ मा भएको ठेक्का सम्झौताअनुसारको कार्य सम्पन्न गरेको तथ्यमा विवाद नरहेको र हालसम्म पनि उक्त भुक्तानी पाउनुपर्ने रकम भुक्तानी नपाएको अवस्थामा पुनरावेदन अदालतले भुक्तानी दिने कारवाही चलिरहेको भन्ने अर्थ गरी निवेदन खारेज गर्ने गरेको फैसला त्रुटिपूर्ण देखिँदा उक्त फैसला बदर हुने ठहर्छ । अब विपक्षी कार्यालयहरूले पुनरावेदकलाई कुलोको ठेक्का र कार्यादेश दिई सोबमोजिम काम भैसकेको अवस्थामा भुक्तानी दिनुपर्ने रकम दिएको नदेखिँदा कानूबमोजिम निवेदकले पाउने रकम अविलम्ब पुनरावेदक छविलाल पौडेललाई उपलब्ध गराउनु भनी विपक्षी गाउँ विकास समिति तारातालको नाउँमा परमादेश जारी हुने ।
इजलास अधिकृतः हरिहर पौडेल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल बैशाख ८ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह, मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको दे.पु.नं. ०६०१, निषेधाज्ञामिश्रित परमादेश, *उमाकान्त शर्मा वि. पश्चिमाञ्चल डिभिजन सडक कार्यालय २ नं. पोखरा*

सडक मापदण्डबमोजिम सडक सीमाभित्र पर्ने गरी बनाइएका घर टहराहरू घरधनी स्वयंले तोकिएको समयभित्र हटाउनु वा भत्काउनु पर्ने र नहटाइएमा सडक कार्यालय स्वयंले क्षतिपूर्ति लिई हटाउने भनी सूचना प्रकाशित भएको अवस्था देखिँदा सडक मापदण्डभित्र पर्ने नपर्ने कुरा सडक कार्यालयले तत्काल नाप जाँच गर्दाको अवस्थामा प्रकाशित सूचनाविपरीत देखिएमा सोहीबमोजिम घर टहराहरू हटाउन सक्ने ।

नागरिक अधिकार ऐन, २०१२ को दफा ६(छ) बमोजिम निवेदकलाई प्राप्त अधिकार अन्य प्रचलित कानूनको अधीनमा रही मात्र सुनिश्चित गरिएकोले प्रत्यर्थी सडक कार्यालयबाट सार्वजनिक सडक ऐन, २०३१ को अधिकार प्रयोग गरी सो ऐनमा तोकिएको सडक सीमाभित्र परेको घर टहरा वा अन्य निर्माण कार्य भत्काई दिन सक्ने ।
इजलास अधिकृतः हरिहर पौडेल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल बैशाख ८ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह, मा.न्या.श्री भरतराज उप्रेती,** २०६४-WO-०९४६, प्रतिषेध, *पवन राई वि.हरिप्रसाद पराजुली समेत*

बहाल दिलाई घर खाली मुद्दामा भएको फैसलाबमोजिम नै अदालतबाट वादीलाई उक्त घर चलन चलाई दिई वादीले चलन पूर्जी समेत लिई सकेको अवस्था देखिँदा फैसलाअनुसार कानूनसम्मत् रूपमा भएको काम कारवाहीको सन्दर्भमा निवेदकको मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल फागुन २३ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह, मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CI-०००७, निषेधाज्ञायुक्त परमादेश, *जगत त्वायना वि. जिल्ला प्रशासन कार्यालय भक्तपुर समेत*

सार्वजनिक उत्तरदायित्व भएका निकाय र अधिकारीले निवेदकलाई पक्राउ गर्ने र अनधिकृत रूपमा कागज गराउने छैन भनी लिखित जवाफ दिएको अवस्थामा सोलाई अविश्वास गर्न सक्ने आधारभूत कारण र आधार नभएको र त्यसरी गैरअड्डाबाट अधिकारक्षेत्रविहीन रूपमा वा गैरकानूनी कार्य भएमा पनि त्यसले कानूनी मान्यता प्राप्त नगरी अ.बं. ३५ नं. ले बदर भै शून्य हुने हुन्छ । यस्तो स्थितिमा निवेदकको

कानूनप्रदत्त हकमा आघात पुऱ्याउने आशंका रहेको नदेखिँदा निषेधाज्ञाको आदेश जारी गर्ने अवस्थाको विद्यमानता नभएको भनी निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसलामा तात्विक त्रुटि देखिन नआउने ।
इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल फागुन १२ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CI-०१२७, निषेधाज्ञा, *सुभान अली समेत वि. भूमिसुधार कार्यालय नेपालगञ्ज बाँके समेत*

कुनै व्यक्ति कुनै जग्गाको मोही हो भनी देखिने मोहीको प्रमाणपत्र प्राप्त गरेको वा कानूनबमोजिम मोही हो भनी देखिने तत्सम्बन्धी आधारभूत प्रमाण पेश गर्न सक्नुपर्ने ।

नागरिक अधिकार ऐन, २०१२ को दफा १७ को उपदफा (१) बमोजिम उजूर गर्ने र उपदफा (२) बमोजिमको उपचार प्राप्त गर्न उक्त ऐनद्वारा प्रदत्त कुनै अधिकारमा कसैले आघात पार्न सक्ने आशंकाको विद्यमानता हुनुपर्ने ।

मोहीसम्बन्धी कानूनबमोजिमको प्रमाण बिना विवादित सम्पत्तिमा निवेदकको मोहीसम्बन्धी निर्विवाद हक स्थापित रहे भएको नदेखिएको अवस्थामा उक्त दफा १७ को उपदफा (२) बमोजिम निवेदकले उपचार गर्न नसक्ने ।
इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल फागुन १२ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६३ सालको दे.पु.नं. CI-००६७, लेनदेन, *सुनील गाडिया वि. शालिकराम प्रसाद*

कानूनी व्यवस्थाबमोजिमको प्रक्रिया पूरा गरी साँवा ब्याज भुक्तानी नगरेको व्यवहार लेनदेन व्यवहारको ५ नं. बमोजिम सदर नहुने हुन्छ । प्रतिवादीले जिकीर लिएबमोजिम उक्त बैंकको चेक कारोवार त्यही तमसुकी लेनदेनको भुक्तानीबापतको हो भनी निश्चित आधार बिनाअनुमानको आधारमा मान्न मिल्ने हुँदैन र कानूनले प्रष्ट किटान गरी भुक्तानी प्रक्रिया निर्धारण गरेकोमा सोबमोजिम नगरेको व्यवहारलाई कानूनी मान्यता दिन नमिल्ने ।
इजलास अधिकृतः हरिहर पौडेल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल बैशाख ४ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CI-०३२९, निषेधाज्ञा, *मोहमद जाकिर मनिहार समेत वि. मालतीभूषण बर्मा कुर्मी*

जबसम्म निवेदकले प्राप्त गरेको मोही प्रमाणपत्र कानूनी अस्तित्वमा रहिरहन्छ, तबसम्म निज सो जग्गाको मोही भई भूमिसम्बन्धी ऐनबमोजिम सो जग्गा कमाउने हक निजमा निहीत रहेको मान्नुपर्ने हुन्छ । मोहियानी हकको प्राप्ति र समाप्ति कानूनबमोजिम मात्र हुन सक्ने ।
इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल फागुन १२ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** ०६३-CI-१०७१, निषेधाज्ञा, *चिनीकाजी शाही समेत वि. राममाया शाही (श्रेष्ठ)*

ललितपुर जिल्ला अदालतमा विचाराधीन बहाल दिलाई घर खाली गरिपाऊँ भन्ने मुद्दा किनारा भई नसकेको अवस्थामा निवेदकलाई घरबाट निष्काशन गर्दा निवेदकको स्वतन्त्रतापूर्वक बसोबास गर्न पाउने नागरिक अधिकार ऐन, २०१२ को दफा १० द्वारा प्रदत्त हक कुण्ठित हुन जाने समेत हुँदा अदालतमा विचाराधीन उक्त घर बहाल दिलाइपाऊँ भन्ने मुद्दाको किनारा नभएसम्म दावीको घरबाट निवेदकलाई निष्काशन गर्न न्यायसँगत हुने नदेखिने ।
इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल बैशाख १२ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-CR-००३४, भ्रष्टाचार, *दीपक पौडेल वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी तारा राजभण्डारी कार्की वि. नेपाल सरकार (ने.का.प. २०६५ अङ्क ६ पृ. ६८७,

निर्णय नं. ७९७४) मुद्दामा "पेश गर्न आवश्यकै नभएको सर्टिफिकेट नक्कली बनाई पेश गर्ने कार्यका पछाडि ओहदासम्बन्धी सम्भावित लाभ प्राप्त गर्ने आपराधिक अभिप्राय वा उद्देश्य रहेको प्रष्ट देखिन आउँदा नक्कली प्रमाणपत्र पेश गर्ने कार्यमा आपराधिक कार्य (Actus Reus) र अपराधिक मन वा उद्देश्य Mens Rea समेत दुबै तत्व समावेश भएको देखिन्छ" भनी लाभ लिए वा नलिएको जे भए पनि नक्कली प्रमाणपत्र पेश गर्ने कार्य नै आफैँमा कसूर हुन पर्याप्त हुने भनी सिद्धान्त प्रतिपादन भइरहेको सन्दर्भमा प्रस्तुत मुद्दाका प्रतिवादीले पनि उक्त प्रमाणपत्रबाट फाइदा लिए वा नलिएको जे भए पनि नक्कली प्रमाणपत्र पेश गर्ने कार्य नै अपराध हुनका लागि पर्याप्त हुने भएको र उक्त झूट्टा प्रमाणपत्र पेश गरेको हुँ भनी स्वीकार गरेकोले आरोप दावीबाट सफाइ हुन नसक्ने ।

इजदलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल बैशाख १३ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री रामकुमारप्रसाद शाह, मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CR-०६६१, कर्तव्य ज्यान, *टीकाराम तामाङ वि. नेपाल सरकार*

जाहेरी दरखास्त, मृतक सिर्जना तामाङको लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रतिवादी टीकाराम तामाङको मौका एवं अदालतको बयानलगायतका तथ्यपूर्ण एवं विवादरहित प्रमाणबाट यी पुनरावेदक प्रतिवादी टीकाराम तामाङले धारिलो हतियार खुँडाले माया भन्ने सिर्जना तामाङको टाउको, घाँटी समेतका अङ्गमा प्रहार गरेको र सोही चोट पीडाबाट निज माया भन्ने सिर्जना तामाङको उपचार गर्दागर्दैको अवस्थामा मृत्यु भएको देखिएकोले निजलाई ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम कसूरदार ठहऱ्याई सजाय हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल चैत ३० गते रोज ४ शुभम् ।

११

**मा.न्या.श्री रामकुमारप्रसाद शाह, मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CR-०७८५, कर्तव्य ज्यान, *पुष्पराज चेपाङ्ग वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा समेत कसूरमा सावित रही व्यक्त गरेको निजको कथन सर्वोत्तम प्रमाण हुने तथा सो कथनलाई प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम निजका विरूद्ध प्रमाणमा लिनुपर्ने हुन्छ । घटना सिर्जन स्थानमा रहेको खोलाको किनारामा भएकोले कुनै प्रत्यक्षदर्शी साक्षी नभए पनि कसूरमा सावित रही अदालतमा भएको निज प्रतिवादीको बयान, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन समेतबाट ईश्वर प्रजाको मृत्यु यी पुनरावेदक प्रतिवादीको कर्तव्यबाट भएको देखिने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल चैत ३० गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह, मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-CR-०८००, कर्तव्य ज्यान, *घनश्याम घर्तीमगर वि. नेपाल सरकार*

प्रतिवादीले कसूरमा सावित भई अदालतमा समेत बयान गरेकालाई प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम निजको विरूद्ध प्रमाणमा लिनुपर्ने हुन्छ भने घटनाको प्रत्यक्षदर्शी मणिराम रोकाले साक्षी सरह व्यक्त गरिदिएको निजको कथनले पनि निज प्रतिवादीका विरूद्ध प्रत्यक्ष प्रमाणको रूपमा लिनुपर्ने हुन्छ । उपर्युक्त प्रमाणहरूबाट सुकदेवी वि.क. को मृत्यु घनश्याम घर्तीले धारिलो हतियार खुर्पाले टाउकोमा प्रहार गर्दा लागेको चोटहरूबाट भएको भन्ने तथ्य निर्विवाद रूपमा पुष्टि हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल चैत ३० गते रोज ४ शुभम् ।

१३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह, मा.न्या.श्री कमलनारायण दास,** २०६५-CI-०९२१, २०६६-CI-००४२, लिखत दर्ता बदर समेत, *रमा राणा वि. शुद्धिलाल नेपाली समेत, शुद्धिलाल नेपाली समेत वि. रमा राणा*

प्रतिवादी शुद्धिलाल नेपालीका दाता हीरादेवीले नै आफ्नो हक दर्ताको कि.नं. ३७८ को जग्गामा समेत घर बनाउन मञ्जूरनामा दिई भोगाधिकार दिई सकेकोमा निजबाट हक प्राप्त गर्ने यी प्रतिवादी शुद्धिलालले सो भोगाधिकारमा प्रतिकूल असर पर्ने

कार्य वा भोगाधिकार फिर्ता लिन पाउने हक राख्दैन । आफ्नो हक दर्ताको कि.नं. ३७८ को जग्गाको दर्तावाला हीरादेवीले जुनसुकै तरीकाबाट आफ्नो हक छाडी दिन पाउने नै हुनाले निजले यी प्रतिवादीलाई राजीनामा गरी हक छाडी दिएकोलाई अन्यथा गर्न मिल्ने कानूनसंगत हुँदैन । तर दाता हीरादेवीले आफ्नो हकभोग कायम रहेको अवस्थामा कि.नं. ३७८ को जग्गामा भोगाधिकार अरूलाई दिएको र सोहीबमोजिम उपमहानगरपालिकाबाट नक्सा पास गरी घर निर्माण समेत गरी सो जग्गा क्षेत्रमा सेफ्टीट्यांकी वा बाटो समेतको रूपमा उपभोग गरी आएको देखिँदा निज हीरादेवीबाट हक प्राप्त गर्ने यी प्रतिवादी शुद्धिलालले सो भोगाधिकारमा असर पर्ने कार्य गर्न नमिल्ने ।

इजलास अधिकृतः हरिशचन्द्र इङ्गनाम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल फागुन ३ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६२ सालको WO-३५५१, उत्प्रेषण, *निन्द्रा राजवंशी वि. ६ नं. नापी गोश्वारा धापासी समेत*

नापी गोश्वारा एवं नापी कार्यालयले नापीको स्रेस्ता अद्यावधिक गर्ने काम मौजुदा स्रेस्ताको आधारमा नै गर्नुपर्ने हुन्छ । स्रेस्तामा नजनिएको कुनै पनि व्यक्तिलाई जग्गाधनी कायम गर्ने हक नापी कार्यालयलाई भएको देखिँदेन । तर यदि स्रेस्ताबमोजिम नै अद्यावधिक गर्ने क्रममा कसैले भोग गरिरहेको जग्गा र निजको स्रेस्ताबमोजिमको क्षेत्रफल नमिलेको अवस्थामा जग्गा नापजाँच ऐनको दफा ६ बमोजिम नापी कार्यालयले निर्णय गर्न पाउने ।

दुबै पक्षको जग्गाको क्षेफल बढोत्तरी गरेको अवस्थामा आफ्नो जग्गा बढोत्तरी गर्ने गरेको तथ्य एवं निर्णयलाई स्वीकार गरी विपक्षीको जग्गा बढाउने निर्णय जग्गा नापजाँच ऐनको दफा ६(९) को प्रावधानविपरीत भएको भन्ने निवेदिकाको जिकीर वस्तुपरक एवं विश्वसनीय देखिएन । यदि नापी कार्यालयलाई नापी स्रेस्ता अध्यावधिक गरी क्षेत्रफल थपघट गर्ने अधिकार नै थिएन भने आफ्नो जग्गाको क्षेत्रफल बढाउने गरी भएको निर्णय समेत बदर माग गर्न सक्नुपर्नेमा सो गर्न सकेको देखिएन । यस अवस्थामा कानूनको एउटै दफाको प्रयोग गरी भएका उस्तै दुई निर्णयहरूमध्ये एउटा रीतपूर्वकको र अर्को वेरीतपूर्वकको भयो भन्ने निवेदन जिकीर मनासिब नदेखिने ।

छुट्टै जग्गा खिचोला मुद्दा दिई दावी नपुग्ने ठहर भैसकेपछि पनि त्यस्तो विवादित जग्गा एवं कित्तामा वादीको हक बाँकी नै रहिरहन्छ भन्न मिल्ने हुँदैन । सोही नाताले वादीको पटक-पटक खिचोलाको वा स्रेस्ताको दावी उठाइरहन मिल्ने नदेखिने ।

इजलास अधिकृतः बिमल पौडेल

इति संवत् २०६७ साल चैत ८ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६६ सालको WO-०६८५, उत्प्रेषण समेत, *सनत प्रधान वि. सुशीलकुमार पन्त समेत*

कानूनको प्रत्यक्ष त्रुटि गरेको वा अधिकारक्षेत्रात्मक त्रुटि गरेको कारणले निवेदकको हक अधिकारको उपभोगमा असर परेको अवस्थामा बाहेक सामान्यतया तल्लो अदालतले फैसला कार्यान्वयनका सन्दर्भमा गरेको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

आफूले विपक्षी लुफथान्सा जर्मन एअरलाइन्स कम्पनीलाई रकम तिर्नै नपर्ने अवस्थामा तिर्नु बुझाउने भन्ने आदेश गरेको भन्न नसकी केवल तिर्नपर्ने रकममध्ये आधा मात्र आफूले तिर्नुपर्ने हो भन्ने जस्ता तथ्यगत प्रश्न उठाई यस अदालतमा प्रवेश गरेको निजको निवेदन व्यहोराबाटै देखिँदा यस प्रकारको विवादलाई रिट क्षेत्रबाट निप्टारा गर्न नमिल्ने ।

बिगो तिरी फरफारक लिने कर्तव्य कम्पनी एवं निवेदक समेतको दायित्वअन्तर्गतकै विषय देखिँदा तिर्नुपर्ने ठहरेको रकमको पूर्णरूपले तिरे बुझाएको अवस्था नरहेसम्म दायित्व पूरा भएको समेत नमानिने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल पुस २९ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको WO-३५९३, उत्प्रेषणयुक्त परमादेश, *अनीता शर्मा वि. विकासप्रसाद सिन्हा समेत*

सर्वश्व गर्नु भनेको फौजदारी दण्डको एक प्रकृति भएकाले फौजदारी दण्ड जसले अपराध गरेको हो निजलाई मात्र सजाय गर्नुपर्छ भन्ने सिद्धान्तमा आधारित रहेको पाइन्छ। फौजदारी मुद्दाअन्तर्गतको दण्डात्मक दायित्व आफ्नो हकवाला वा अंशियारहरूमा बाँडिने नभई जसले अपराध गरेको हो उसैले मात्र व्यहोर्नु पर्ने।

अपराध घटेको जाहेरी पर्नु अघि नै लेखिएका वा गरिएका भोगबन्धक र दृष्टिबन्धकका तमसूकबमोजिम साहूको थैली पर सार्नुपर्ने हुन्छ। त्यस्तो कागजबाहेक अन्य सामान्य प्रकारका कागजका आधारमा गरिएको कारोवारअनुसारको रकम भने पर सार्नुपर्ने बाध्यता कानूनले तोकेको नपाइने।

देवानी दायित्व आफूले मात्र नभई त्यस्तो व्यक्तिको हकवाला एवं अंश खाने अंशियारहरूले समेत बहन गर्नुपर्ने।

अमीत सिन्हा आफ्ना बाबु विकास सिन्हाबाट २०५८ सालमा अंशबण्डा भै छुट्टी भिन्न भएको देखिँदा २०५३ सालमा निवेदक र विकास सिन्हाबीच करारको लिखत हुँदा यी अमीत सिन्हासँगै बसेको कुरामा समेत विवाद नदेखिँदा निज अमीत सिन्हाले समेत आफ्ना बाबुले गरेको कारोवारबाट दायित्व बहन गर्नुपर्दैन भन्न नमिल्ने।

बिगो भरी पाउने ठहर गरी शुरू जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन अदालतबाट समेत सदर भै अन्तिम भै बसेको अवस्थामा सो फैसलाको पूर्ण एवं प्रभावकारी कार्यान्वयन गर्नेतर्फ फैसला कार्यान्वयनको जिम्मेवारी पाएको शुरू जिल्ला अदालत चनाखो हुनुपर्ने नै हुन्छ। आफूसमक्ष फैसला कार्यान्वयनको लागि निवेदन परेपछि त्यस्तो फैसलाको मर्म एवं भावना परिपूर्ति हुने गरी कार्यान्वयन गर्ने जिम्मेवारी समेत सोही जिल्ला अदालतलाई नै रहेको देखिने।

भोगबन्धकी र दृष्टिबन्धकी लिखतमा पनि कुनै हदसम्म शर्तहरूको उल्लेख हुने गर्दछ। भोगबन्धकी र दृष्टिबन्धकीको लिखत भएकोमा सो दायित्व व्यहोर्न पर्ने तर त्यस्तै देवानी दायित्व कबुल गरेको अन्य लिखतको दायित्व व्यहोर्न नपर्ने भन्नु न्याय र विवेक एवं कानूनसंगत पनि नहुने।

दण्ड सजायको २७ नं. मा सर्वश्व गर्दा अंशियाराको अंश पर सार्नुपर्ने सम्मको व्यवस्था गरेको, त्यस्तो अंशियार ऋण लिँदा १२ वर्ष माथिको र सगोलमा भए निजबाट समेत साहुले भरी पाउने व्यवस्था दण्ड सजायको २६ नं. मा भएको र निवेदिकासँग करारबमोजिम विकास सिन्हाले २०५३ सालमा ऋण लिँदा अमीतकुमार सिन्हाको उमेर १२ वर्षमाथिको भै सगोलमै रहेको भन्ने देखिएको हुँदा उक्त २६ नं. बमोजिम निवेदिकाले विपक्षीको सम्पत्तिबाट बिगोबापतको रकम भरिपाउने गरी फैसला कार्यान्वयन गरिलिनु पर्नेमा सोबमोजिम नगरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६१।३।११, २०६१।३।२८, २०६१।५।४ र सो आदेशलाई सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनबाट भएको मिति २०६१।१०।२८ को आदेश समेत कानूनसंगत नभएकोले उत्प्रेषणको आदेशले बदर हुने।

बिगोभरिपाउने ठहरी भएको फैसला नै अन्तिम भैरहेकोले सो फैसला र फैसला कार्यान्वयन सम्बन्धी प्रचलित कानूनी व्यवस्थाबमोजिम आवश्यक कारवाही गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश समेत जारी हुने।

इजलास अधिकृत: बिमल पौडेल
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०६७ साल फागुन १७ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६४ सालको CI-०९२९, लिखत बदर, *दिनेश वासुकला वि. दिलीप वासुकला समेत*

वासुकलाको सम्पत्तिको सम्बन्धमा प्रतिवादी दिलीप वासुकलाले मिति २०६०।२।१३ मा मालपोत कार्यालय काठमाडौंबाट पारीत शेषपछिको बकसपत्रको लिखतको प्रतिलिपि पेश भएको र सो लिखतलाई पुनरावेदक वादीले अन्यथा भन्न सकेको देखिँदैन। तसर्थ अंश मुद्दा चल्दाचल्दैको अवस्थामा मिति २०५८।१०।५ मा र.नं. २८४१ र र.नं. ४२९१ तथा २०६०।७।४ गते र.नं. १८४६ को लिखतबाट जग्गा बिक्री गरेको देखिँदा वादीको भागमा पर्ने सो जग्गाबाट ७ भागको १ भाग जग्गाको लिखत बदर हुने।

इजलास अधिकृत: बिमल पौडेल
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०६६ साल फागुन १६ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४ सालको CI-०९३०, लिखत बदर, *दिनेश वासुकला वि. दिलीप वासुकला समेत*
- २०६४ सालको CI-०९३१, लिखत बदर, *दिनेश वासुकला वि. दिलीप वासुकला समेत*
- २०६४ सालको CI-०९३२, लिखत बदर, *दिनेश वासुकला वि. दिलीप वासुकला समेत*
- २०६४ सालको CI-०९३३, लिखत बदर, *दिनेश वासुकला वि. रामप्रसाद वासुकला समेत*
- २०६४ सालको CI-०९३४, लिखत बदर, *दिनेश वासुकला वि. दिलीप वासुकला समेत*

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५ सालको ०६५-CI-०९१०, अंश नामसारी, *जमुना दर्लामी समेत वि. कृष्णकुमारी दर्लामी*

प्रतिवादी जमुना दर्लामीले लिएको कि.नं. ५३८९ र कि.नं. ३७२५ को जग्गा माइतीले दिएको पेवाबाट आर्जित सम्पत्तिबाट खरीद गरेकोले बण्डा लाग्नु पर्ने होइन भन्ने जिकीर लिएको पाइन्छ । मिसिल संलग्न रजिष्ट्रेशन लिखतको छायाँप्रति हेर्दा बिस्नाकुमारी घलेबाट खरीद लिएको उक्त जग्गाको विषयमा राजीनामा भन्ने उल्लेख भएको देखिन्छ । उक्त जग्गा राजीनामा पास गरिलिएको भए पनि सो जग्गा खरीद गर्दा माइतीपट्टिका नातेदारले दिएको यो यति रकमबाट प्राप्त गरेको भन्ने कहीँ कतै उल्लेख गर्न सकेको देखिँदैन । यस्तो स्थितिमा केवल निवेदनमा उल्लेख गरैकै आधारमा निजले दावी गरेको कित्ताका जग्गाहरू निजको एकलौटी हक लाग्ने सम्पत्ति हो भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल फागुन २५ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५ सालको CI-०२३५, अंश, *कालिबहादुर मल्ल ठकुरी वि. लोककुमारी मल्ल ठकुरी समेत*

राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट भै आएको डि.एन.ए. परीक्षण प्रतिवेदनबाट यी पुनरावेदक वादी कालीबहादुर मल्ल प्रत्यर्थी प्रतिवादी चोलबहादुर ठकुरीका छोरा होइनन् भन्ने कुराको यकीनसाथ परीक्षण प्रतिवेदनबाट देखिन्छ । वैज्ञानिक प्रविधिको प्रक्रियाबाट ठहर भएको यस्तो विषयमा यी पुनरावेदक र प्रत्यर्थीबीच बाबु छोराको नाता सम्बन्ध नै नदेखिने स्थिति स्पष्ट भएपछि अदालतले डि.एन.ए. परीक्षण प्रतिवेदनलाई आधार मान्नुपर्ने ।

डि.एन.ए. परीक्षण प्रतिवेदनबाट बाबु छोराको नाता नै कायम नहुने देखिई सकेपछि कुनै व्यहोरालाई आधार मानी प्रत्यर्थी प्रतिवादीलाई बाबु बनाई निजको नाम उल्लेख गरी नागरिकता प्राप्त गर्दैमा उक्त नागरिकतालाई नै आधार मानी निजहरूको सम्बन्ध बाबु छोराबीचको सम्बन्ध हो भनी अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
इति संवत् २०६७ साल फागुन २५ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६५ सालको CI-०२३६, हालैको बकसपत्र लिखत बदर हक कायम, *कालिबहादुर मल्ल ठकुरी वि. सीतलाकुमारी मल्ल ठकुरी थापाक्षेत्री समेत*
- २०६५ सालको CR-०२५४, CR-०२५५, नताप्रमाण जालसाज, *कालिबहादुर मल्ल ठकुरी वि.चोलबहादुर मल्ल ठकरी, नन्दकुमार ढकाल वि. चोलबहादुर मल्ल ठकुरी*
- २०६५ सालको CR-०२५६, जालसाज, *कालिबहादुर मल्ल ठकुरी वि. सितलाकुमारी मल्ल ठकुरी(थापा) समेत*

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको ०६६-WO-०८९७, उत्प्रेषण परमादेश, *श्यामसुन्दर खेतान समेत वि. राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय रामशाहपथ समेत*

निवेदक कम्पनीले व्यहोर्नु परेको करोडौं रकम र सोको ब्याज समेतको क्षतिपूर्ति करार ऐन, २०५६ बमोजिम विपक्षी राष्ट्रिय वाणिज्य बैंकबाट दिलाई भराई पाऊँ भनी बाँके जिल्ला अदालतमा निवेदक श्यामसुन्दर खेतान समेतले दिएको फिरादपत्र विचाराधीन छ भनी उल्लेख गरेको देखिएकोले सो मुद्दाबाट कानूनबमोजिम हुने निर्णय हुने नै हुँदा सो आधारमा विपक्षीहरूले गरिरहेको कालोसूचीसम्बन्धी

कारवाहीमा रिट क्षेत्रबाट हस्तक्षेप गरी रोक्न मिल्ने देखिन्न । निवेदकका उपर विपक्षीहरूको तर्फबाट परेको ऋण असूलीसम्बन्धी मुद्दामा तहतहका अदालतबाट निर्णय भै निवेदकले तिर्नु बुझाउनु पर्ने ठहर भै अन्तिम भैरहेको अवस्थामा सो आधारमा गर्न लागेको कारवाहीको हकमा गैरकानूनी हस्तक्षेप गर्न मिल्ने नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल फागुन २३ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको दे.पु.नं. ०५१६, ०६७ सालको ०६७-CI-००६६, अंश, *अलि शेर जोलाहा वि. जलालुद्दिन जोलाहा समेत, जलालुद्दिन जोलाहा समेत वि. अलिशेर जोलाहा समेत*

निजी आर्जनको सम्पत्ति हो भनी जिकीर लिँदैमा त्यस्तो जिकीरलाई अन्तिम मान्न सकिँदैन । आफ्नो आर्जनको सम्पत्ति हुनको लागि यी पुनरावेदिकाले आफ्नो ज्ञान, सीप वा प्रयासबाट त्यस्तो सम्पत्ति प्राप्त भएको हुनुपर्ने ।

आफूले मोहीको हैसियतले हकसफाबाट प्राप्त गरेको कि.नं. ६७ को जग्गा बण्डा नलाग्ने भन्ने प्रतिउत्तर जिकीर भए पनि उक्त हक सफा गर्न तिरेको रकम निजले आफ्नो निजी आर्जनबाट तिरेको भनी भन्न सकेको देखिँदैन । निजी आर्जनबाट प्राप्त रकमबाट नै हकसफा गरी उक्त कि.नं. ६७ को जग्गा प्राप्त गरेको हो भनी भन्न नसकेको अवस्थामा अनुमानका भरमा निजले हकसफा गरी प्राप्त गरेको सम्पत्तिमा निजको एकलौटी हक कायम हुन्छ भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल फागुन २५ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५ सालको २०६५-WO-०४९३, उत्प्रेषणयुक्त परमादेश, *केशव खनाल वि. नेपाल सरकार गृह मन्त्रालय समेत*

निवेदकले दावी गरेको कि.नं. ५३८ मा रहेको घर, गोठ, बाथरूमलगायतका वस्तु सुरक्षित रहने गरी सो स्थानमा सडक निर्माण भएको भन्ने समेत देखिएको र दावी गरिएका घर गोठका सम्बन्धमा विपक्षीबाट अन्यथा गरिएमा सोको उपचारको वैकल्पिक मार्ग समेत तत्समयमा निवेदकले अवलम्बन गर्न सक्ने नै देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल फागुन २३ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५ सालको WO-०३५४, उत्प्रेषणयुक्त परमादेश, *चिराग फोम प्रा.लि. समेत वि. राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय समेत*

लिलाम सकारसम्बन्धी कामकारवाहीको विषयलाई लिएर यिनै रिट निवेदकले दायर गरेको लिलाम बदर मुद्दा शुरू काठमाडौं जिल्ला अदालतबाट फैसला भै पुनरावेदनको रोहमा पुनरावेदन अदालत पाटनमा विचाराधीन रहेको अवस्थालाई अनदेखा गरी लिलाम सकारसम्बन्धी कामकारवाहीको विषयउपरको विवाद तह-तह हुँदै पुनरावेदन अदालतको पुनरावेदकीय अधिकारक्षेत्रअन्तर्गत विचाराधीन रही रहेको यस्तो अवस्थामा यस अदालतको असाधारण अधिकारक्षेत्रबाट उक्त विचाराधीन विषयका हकमा बोल्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल फागुन २३ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६५-CI-०८४९, अंश चलन, *मु.स. गर्ने राजु ढकाल वि. मातृका ढकाल समेत*

मानो छुट्टिई भिन्न बसेको वा रजिष्ट्रेशन नगरी खति उपति आफ्नो गरी बसेको अवस्थालाई मानो छुट्टिई भिन्न भएको अवस्था मान्नुपर्ने अंशबण्डाको १८ नं. मा स्पष्ट व्यवस्था समेत भएको र २०२४।१०।२० मा मानो छुट्टिएको तथ्यलाई यी पुनरावेदक वादीले स्वीकार गरेको स्थितिमा मानो छुट्टिएको मितिपछि

प्राप्त भएको बकसपत्र समेतका कि.न. का जग्गाहरू एवं अंशबण्डाको १८ नं. बमोजिम निजी आर्जनका सम्पत्तिहरू समेतमा बण्डा लाग्नु पर्दछ भन्न नमिल्ने ।
इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल फागुन २५ गते रोज ४ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६ सालको स.फौ.पु.नं. CR-०२२६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हरिकिशन राना*

ज्यानसम्बन्धीको ९ नं. मा, "उठ्न नसकी थला परी" भन्ने शब्दहरूको सार्थक, सन्तुलित विवेकसम्मत् र कानून व्याख्याका सर्वमान्य सिद्धान्तअनुसार अर्थ गर्दा घाइते भएको समयदेखि मृत्यु अघिसम्म लागेको घाउ चोटको वा त्यसको प्रभाव वा पीडाको निरन्तरता कायम रही सो अवधिमा मृत्यु हुने अन्य कारणको सिर्जना पनि नभएमा वारदातको समयमा लागेकै चोटको कारण मृत्यु भएको मान्नु पर्ने हुनाले ज्यानसम्बन्धीको ९ नं. आकर्षित हुने ।

पूर्व रिसइवी र योजनावद्ध ढंगले हत्या नगरेको एवं तत्काल उठेको रिस थाम्न नसकी आवेशमा आई प्रतिवादी हरिकिशनले मित्तु रानालाई हिर्काई मारेको देखिन आएकोले प्रतिवादीले अभियोग दावीअनुसार ज्यानसम्बन्धीको १३(३) नं. कसूर गरेको नभई सोही महलको १४ नं. अन्तर्गतको कसूर गरेको देखिने ।
इजलास अधिकृतः बसन्तजंग थापा
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल माघ ११ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६५ सालको WO-०८७६, उत्प्रेषण, *रामप्रसाद उपाध्याय वि. घरेलु तथा साना उद्योग विभाग त्रिपुरेश्वर समेत*

हाल विभिन्न कारण र बहानामा तीब्र वन विनास भैरहेको परिप्रेक्ष्यमा वनपैदावारमा आधारित उद्योग वनजंगलको अत्याधिक नजिक सञ्चालन हुँदा निश्चितरूपमा वनपैदावारको चोरी निकासीमा बल पुग्न गई वनक्षेत्र अतिक्रमण र वन विनास हुने हुँदा त्यस्ता उद्योगहरू वनक्षेत्रबाट तोकिएको निश्चित सीमाभन्दा नजिक हुन नहुने भन्ने निर्धारित मापदण्डलाई अनुचित वा बेमुनासिब भन्न नमिल्ने ।

वातावरणमा पर्न सक्ने प्रभावको कारणले वनपैदावारमा आधारित उद्योग स्थापना गर्दा ५ कि.मि. को दूरी रहनु पर्ने भन्ने मापदण्ड निर्धारण गर्दा उचित हुने ।

वनक्षेत्रबाट कम्तीमा २ किलोमिटर टाढा मात्र त्यस्ता उद्योग सञ्चालन गर्न पाउनेमा अनेक प्रकारबाट सम्बद्ध निकाय समेतको मिलेमतोमा सो निर्धारित सीमाको आदर नगरी सो भन्दा निकै कम दूरीमा वनक्षेत्रबाट धेरै नजिक त्यस्ता उद्योग सञ्चालन गर्ने तर छानबीन गर्दा वास्तवमा अनियमितता गरेको देखिन आएपछि आफ्नो लागि कानूनी र संवैधानिक सुरक्षा खोज्नु उचित नहुने ।

कानूनको संरक्षण कानूनप्रदत्त हकको प्रचलन खोज्ने प्राकृतिक वा कानूनी व्यक्तिले पहिला आफू कानूनअनुरूपको आचरण र व्यवहार गरेको देखिनु पर्ने ।

पहिलादेखि इजाजत प्राप्त गरी सञ्चालनमा रहेको काष्ठ उद्योगहरू तत्कालै वनक्षेत्रबाट कम्तीमा ५ कि.मी. भन्दा टाढाको दूरीमा कायम गर भन्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगको २०६४।६।२१ को निर्णयको कानूनी आधार र औचित्य देखिन नआउँदा वन ऐन, र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ लगायत अन्य नेपाल ऐनले यस्तो आफैंले निर्णय गर्न पाउने अधिकार विपक्षी आयोगलाई प्रदान नगरेकोले विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको उक्त २०६४।६।२१ को निर्णयमा अधिकारक्षेत्रात्मक त्रुटि विद्यमान रहेकोले उत्प्रेषणको आदेश जारी गरी बदर हुने ।

कुनै पदाधिकारीको स्वेच्छामा मात्र राष्ट्रिय महत्वको नीतिगत निर्णय गर्ने नगर्ने, कुरा छोड्नु उपयुक्त हुँदैन । यसका अतिरिक्त एकपटक एउटा मापदण्ड र अर्को पटक अर्को मापदण्ड निर्धारित गर्दै जानुलाई कुनै दृष्टिकोणले पनि उचित मान्न सकिंदैन । यस किसिमको अनिश्चितताले अनियमितताको सिर्जना गर्दछ जुन सुशासन कायम गर्ने कुरामा बाधक बन्ने ।
इजलास अधिकृतः वसन्तजंग थापा
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल माघ १० गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको WO-०५३८, उत्प्रेषण परमादेश, *गिरीजानन्द ठाकुर वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

अधिकृत तहका कर्मचारीको सरूवा गर्ने अधिकार नेपाल सरकारमा रहेको र नेपाल सरकारले आफूमा निहीत सो अधिकार मिति २०६६।८।२९ को राजपत्रमा प्रकाशित सूचनाले स्वास्थ्य सेवा विभागलाई प्रत्यायोजन गरेको भए पनि क्षेत्रीय निर्देशकले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गरेको छैन। क्षेत्रीय स्वास्थ्य निर्देशनालयलाई अधिकृतस्तरका कर्मचारीलाई सरूवा गर्न पाउने अधिकार नरहेको अवस्थामा अधिकृत छैठौं तहका यी रिट निवेदक गिरीजानन्द ठाकुरलाई पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय धनकुटाले मेची अञ्चल अस्पताल भद्रपुर, झापाबाट लाहान अस्पताल सिरहामा सरूवा गर्ने गरी मिति २०६५।१२।३१ मा गरेको निर्णय क्षेत्राधिकार विहिन भै कानूनी त्रुटिपूर्ण रहेको देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

अब आवश्यकता र औचित्य हेरी अख्तियारवालाले कानूनबमोजिम सरूवा निर्णय गर्नु भनी विपक्षीहरू स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य सेवा विभागको नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल चैत २८ गते रोज २ शुभम्।

- यसै प्रकृतिको २०६६ सालको WO-०५८५, उत्प्रेषण परमादेश, *लक्ष्मीप्रसाद साह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६-WO-०६६८, उत्प्रेषण, परमादेश, *लक्ष्मी श्रेष्ठ महर्जन समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदिकाहरू अधिकृत छैठौं तहका रहेकोमा विवाद नरहे पनि अधिकृत सातौं तहसम्मका कर्मचारीलाई सरूवा गर्न पाउने कानूनी अधिकार स्वास्थ्य सेवा विभागमा रहेको देखिन आएकोले नेपाल राजपत्रमा सूचना प्रकाशित भैसकेपश्चात् मिति २०६६।९।२३ मा यी रिट निवेदिकाहरूलाई स्वास्थ्य सेवा विभागले सरूवा गरेको देखिँदा उक्त सरूवाको निर्णय क्षेत्राधिकारविहीन नभई कानूनबमोजिम रहेको देखिने।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल चैत २८ गते रोज २ शुभम्।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६६-WO-०६०४, उत्प्रेषण, परमादेश, *इश्वरीप्रसाद पोखरेल वि.जिल्ला स्वास्थ्य कार्यालय, चितवन समेत*
- २०६६ सालको WO-०६७३, उत्प्रेषण, परमादेश, *वासुदेव मैनाली वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६-WO-०९६८, उत्प्रेषण, परमादेश, *ज्ञानमती गुरूङ्ग वि. स्वास्थ्य सेवा विभाग, टेकु समेत*
- २०६६-WO-०७११, उत्प्रेषण, परमादेश, *मञ्जुर अहमद वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०७४७, उत्प्रेषण, परमादेश, *केशव दाहाल वि.. स्वास्थ्य सेवा विभाग, टेकु समेत*
- २०६६-WO-०७७१, उत्प्रेषण, परमादेश, *दीलमाया थापा (राजभण्डारी) वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६-WO-०७९५, उत्प्रेषण, परमादेश, *मञ्जू भट्टाचार्य वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०८४१, उत्प्रेषण, परमादेश, *शिवराम बस्नेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६ सालको WO-०९८८, उत्प्रेषण, परमादेश, *मेनुका बस्नेत वि.जिल्ला जनस्वास्थ्य कार्यालय, चितवन समेत*
- २०६६-WO-१२०४, उत्प्रेषण, परमादेश, कमलदेव ठाकुर *वि.मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय हेटौंडा समेत*

- २०६७-WO-१२७३, उत्प्रेषण, परमादेश, *रामकुमार मण्डल वि.स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६-WO-१३४०, उत्प्रेषण, परमादेश, *इस्लाम मियाँ वि.स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

**इजलास नं. ७**

१

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री प्रेम शर्मा,** २०६६ सालको दे.पु.नं. ०६६-CI-०३३७, अंश, *भवानी खाइतु वि. साधुराम खाइतु*

अदालतले फैसला गर्दा वादीले दावी गरेका विषयमा पुष्टि हुने प्रमाण बुझी प्रमाणद्वारा पुष्टि भएमा मात्र दावी पुग्ने निष्कर्षमा पुग्न पर्ने हुन्छ। वादीले कुनै दावी नै लिएको छैन भने त्यस्तो दावी नलिएको विषयमा अदालत स्वयंले दावी सिर्जना गरी दावीको सीमाभन्दा बाहिर गई निर्णय गर्नु सर्वमान्य सिद्धान्तविपरीत हुन जाने।

शुरूमा यी पुनरावेदक भवानी खाइतुउपर कुनै दावी नै नभई केवल तायदातीमा कि.नं. ९५२ को ०-४-०-० जग्गामध्ये आधी ०-२-० बण्डा गर्नुपर्ने भनेकोसम्म आधारमा प्रतिवादी कायम गरी कि.नं. ९५२ र ९५१ का जग्गा वादी दावीभन्दा बाहिर गई बण्डा लाग्ने ठहर गर्नु न्यायोचित नहुने।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमिल्सिना
इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री प्रेम शर्मा,** ०६५ सालको दे.पु.नं. ०६५-CI-०५२५,अंश चलन, *धर्म महर्जन वि. सानुमाया भन्ने सानु महर्जन*

समान अंशियारमध्ये कसैले प्राप्त गरेको बकसपत्रको सम्पत्ति बण्डा नलाग्ने तर अरू अंशियारलाई अंश दिनुपर्ने अवस्थाको घरको मुख्यले प्राप्त गरेको बकसपत्रको सम्पत्ति भने अरू अंशियारलाई दिन्न भन्न नपाउने वा बण्डा लाग्ने र भाई-भाई बीचमा कसैले निजी आर्जन गरेको प्रमाणित हुन आएमा अरू भाईमा बण्डानलाग्ने।

मुलुकी ऐन, अंशबण्डाको महलबमोजिम अंश दिने दायित्व भएकी प्रतिवादी सानु महर्जनले बकस पाएको भन्ने आधारमा अंशियार छोरालाई बकस पाएको सम्पत्ति समेतबाट अंश दिन इन्कार गर्नु कानूनतः उचित नदेखिने।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः धनबहादुर गुरूङ्ग
इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री प्रेम शर्मा,** २०६३ सालको दे.पु.नं. ०६३-CI-००२२, निर्णय दर्ता बदर हक कायम, *रामगोपाल अधिकारी वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालय समेत*

पुनरावेदक वादीले उठाएको विषय सरकारी कर्मचारीको कामकारवाहीउपर कर्मचारीलाई नै प्रतिवादी बनाएको नभई मालपोत कार्यालय दावीको जग्गा सरकारको नाममा दर्ता गर्ने भनी गरेको निर्णयउपर मालपोत कार्यालय समेतलाई प्रतिवादी बनाई फिराद दर्ता गरेको देखिन्छ। उपरोक्त कानूनी व्यवस्थाअनुसार कुनै कार्यालयको कर्मचारीले गरेको बद्नियतपूर्ण कार्यका कारण कसैलाई मर्का परेमा त्यस्तो मर्का पर्ने पक्षले पुनरावेदन अदालतमा उजूर दिनसक्ने भन्ने देखिन आउँछ। यसमा फिरादीले दावी लिएको जग्गा कुनै अमुक कर्मचारीले मात्र नेपाल सरकारको नाममा दर्ता गरेको नभई मालपोत विभागको परिषद्का आधारमा यी वादीको हक नपुग्ने भनी मालपोत कार्यालयले निर्णय गरी सरकारको नाममा दर्ता गरेको देखिन्छ। अतः मुलुकी ऐन, अ.बं. २९(८) बमोजिम कुनै अमुक कर्मचारीले गरेको कामकारवाहीका विरूद्धमा उजूर गर्नुपर्ने भए पुनरावेदन अदालतको शुरू क्षेत्राधिकार हुनेमा प्रस्तुत विवादको प्रकृतिले नै कुनै कर्मचारीको गैरकानूनी कामकारवाही नदेखिएको र कुनै अमूक कर्मचारीउपरको उजूरी समेत नदेखिँदा प्रस्तुत विवादको क्षेत्राधिकार पुनरावेदन अदालत हुने भन्न नमिल्ने।

साविक दर्ता, तिरो, भोग, नाप नक्सा समेतका प्रमाण बुझी कसको हकको हो भन्ने विवादको निरोपण हुनुपर्ने विषय अन्तरनिहीत रहेको र यस्तो हकबेहकसम्बन्धी विवाद हेर्न अधिकारक्षेत्र

प्रमाणसम्बन्धी अपनाउनु पर्ने कार्यविधि र प्रमाणको मूल्याङ्कन गरी ठहर गर्ने विषय पुनरावेदन अदालतको क्षेत्राधिकारभित्रको नभई शुरू तहको अदालतको क्षेत्राधिकारभित्रको पर्ने हुन्छ । मालपोत कार्यालयले निर्णय गर्दा विवादित जग्गाको हकका विषयमा शुरू अदालत जान नसुनाए पनि त्यस्तो विवादित जग्गाको हक कायमका लागि सम्बन्धित व्यक्तिले शुरू अदालतको क्षेत्राधिकार ग्रहण गरी दावी गर्नु पर्दछ । मालपोत ऐन, २०३४ को दफा ३१ (पाँचौं संशोधन) को प्रतिवन्धात्मक वाक्यांशबमोजिम जग्गाको हकको विषयमा दावी गर्न सम्बन्धित शुरू तहको अदालतको क्षेत्राधिकार अवलम्बन गर्नुपर्नेमा वादी पथभ्रमित भै शुरू फिराद लिई पुनरावेदन अदालतमा प्रवेश गरेको देखिँदा समेत प्रस्तुत फिराद क्षेत्राधिकारविहीनको देखिने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत
शिवप्रसाद खनाल
कम्प्युटरः धनबहादुर गुरूङ्ग
इति संवत् २०६८ साल बैशाख १३ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री प्रेम शर्मा,** २०६६ सालको रिट नं. ०६६-WO-०१६१, उत्प्रेषणयुक्त परमादेश, *रामगोपाल अधिकारी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय समेत*

नापीका बखत कि.नं. १ र ११ का जग्गा यी निवेदकको भोगमा रहेको भन्ने तथ्य तत्काल खडा गरिएको क्षेत्रीय किताबबाट स्थापित हुन सकेको देखिन्न बरू उक्त जग्गा व्यक्ति विशेषको नभई क्षेत्रीय किताबमा जोताहाको महलमा डाँडा र बुटेन भन्ने उल्लेख भएबाट उक्त जग्गा सार्वजनिक प्रकृतिको भएको अनुमान गर्नुपर्ने ।

निवेदनमा माग गरेको विषयमा आवश्यक कारवाहीको लागि इलाका वन कार्यालयमा पत्राचार भई सर्जमीन समेत भई आएपछि यी निवेदकले मिति २०५६।४।२४ गते मात्र पहिलो पटक छूट जग्गा दर्ताका लागि मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा निवेदन गरेको अवस्था हुँदा साधिकार निकायबाट आफ्नो हक स्थापित गराउनेतर्फ यथोचित समयमा उचित प्रक्रिया अवलम्बन गरेको नपाइने ।

एउटै विषयमा एउटा बाटोबाट अदालत प्रवेश गरी गन्तव्यमा पुग्न नसक्ने निश्चितता भएपछि पुनः अर्को बाटो प्रयोग गरी अदालत प्रवेश गरेको देखिँदा यस्ता दिशाभ्रमित पक्षलाई पटक-पटक अदालतको ढोका खुल्ला राखी सहयोग गर्दा अदालतले समेत बाटो बिराएको ठहर्ने ।

निवेदकले उठाएको विषय साविक दर्ता, तिरो, भोग, नाप नक्सा समेतका प्रमाण बुझी कसको हकको हो भन्ने विवादको निरोपण हुनुपर्ने विषय अन्तरनिहीत रहेको र यस्तो हक बेहकसम्बन्धी विवाद हेर्ने अधिकारक्षेत्र, प्रमाणसम्बन्धी अपनाउनु पर्ने कार्यविधि र प्रमाणको मूल्याङ्कन गरी ठहर गर्ने विषय शुरू तहको अदालतको क्षेत्राधिकारभित्रको पर्ने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत,
शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल बैशाख ११ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री प्रेम शर्मा,** २०६२ सालको दे.पु.नं. ८४३८, नापी निर्णय दर्ता बदर गरिपाऊँ, *गजबहादुर श्रेष्ठ वि. हैसियत महम्मद मुसलमान*

वादीको जग्गा नहरमा परेको भए पनि स्रेस्ताभन्दा भोगमा खासै कम नरहेको अर्थात् स्रेस्तामा ४-२-१२ भई नहरमा ०-५-६.१/२ परे पनि ज.वि. ४-१-० भोगमा रहेको देखिँदा साविक क्षेत्रफलमा नहरमा गएको जग्गा कटाउँदा कायम हुने क्षेत्रफलभन्दा बढी नै देखिन्छ भने प्रतिवादीको भोगमा स्रेस्तामा भन्दा कम रहेको देखिई वादीको जग्गामा प्रतिवादीले खिचोला गरेको तथ्य स्थापित हुन सकेको नपाइँदा वादीको भोगमा रहेको जग्गा स्रेस्ताबमोजिम नै देखिएको र प्रतिवादीको भोगमा निजको स्रेस्ताभन्दा कम रहेको स्थितिमा वादी दावी नपुग्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल चैत ८ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री प्रेम शर्मा,** २०६३ सालको दे.पु.नं. ८८५६, सार्वजनिक डगर बाटो निकास इनार समेत खुलाई पाऊँ, *शिवराम ठाकुर हजाम समेत वि. विजुली साह तेली समेत*

नक्सा प्रिन्टबमोजिम भै आएको नक्सा मुचुल्काबाट न.नं. ५ को इनारबाट सीधा उत्तरतर्फ न.नं. ६ हुँदै सोको पूर्वतर्फ रहेको न.नं. ७ को बाटोमा परापूर्वकालदेखिको जाने आउने निकास रहेको देखिएकोमा सो बाटोमा अवरोध पुऱ्याउने गरी न.नं. ६ मा फुसको घर निर्माण भएको देखिएकोले उक्त सार्वजनिक बाटो निकासमा अवरोध उत्पन्न हुन गएको देखियो । परापूर्वकालदेखिको सार्वजनिक बाटोमा यसरी अवरोध हुन गएको देखिएको र सार्वजनिक बाटो बन्द हुने गरी निर्माण गरिएको घर वा छेकवार समेत उठाई/हटाई निकास खुलाउनु पर्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल चैत ८ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रिट निवेदन नं. ०६७-WH-००६१, उत्प्रेषण मिश्रित बन्दीप्रत्यक्षीकरण, *टेकप्रसाद अधिकारी वि. जिल्ला प्रहरी कार्यालय, नेपालगञ्ज*

मुलुकी ऐन, दण्ड सजायको ३८ नं. मा उल्लिखित ४ वर्षको अवधिभन्दा बढी कैदको सजाय तोकिएको भन्ने दावी नभएको अवस्थामा तहसीलदारको कामकारवाही कानूनबमोजिम नै भए गरेको देखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल जेठ ६ गते रोज ६ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६४ सालको CI-०८१३, अंश, *पदम सिँह थापा मगर वि. डिल्लीसरा सुनारी मगर समेत*

वादी दावीबमोजिम केही हदसम्म बण्डा नभएको व्यहोरालाई समर्थन गरेको पाइनाले प्रतिवादीहरूको बीचमा भएको बण्डा समेत पूर्णरूपमा नरम गरम गरी बण्डा नभएको व्यहोरा सहप्रतिवादीहरूको भनाइबाट पुष्टि भैरहेको छ । प्रतिवादीहरू मध्येका डिल्लीसरा समेतले २०१८ सालमा नै बण्डा भएको भन्ने जिकीर लिएर २०२४ सालमा भू.सु. को अनुसूची फाराम १ भरेको भन्ने जिकीर लिए तापनि अंशबण्डाको पारीत लिखत वा घर व्यवहारमा बण्डा भएको कुनै घरायसी लिखत पनि पेश भएको देखिएन र घरायसी सल्लाहमा छुट्टी भिन्न भएकोले अंशबण्डाको ३० नं. बमोजिम भोग, व्यवहार, बिक्रीको आधारमा बण्डा भएको भन्ने जिकीर लिने प्रतिवादीले कुन जग्गा कसले, कति परिमाणमा कहिले लिएको हो सो कुरा वस्तुनिष्ठ तवरबाट खुलाउन सकेको नपाइने ।

२०३४ सालभन्दा अगाडि घरसारमा नरम-गरम मिलाई अंशबण्डा भएको देखिनको लागि अंशियारहरू बीचमा समानरूपमा सम्पत्तिमा बण्डा भएको, भोग बिक्री व्यवहार भएको देखिनु अंशबण्डाको ३० नं. प्रयोजनको लागि आवश्यक शर्त नै हो । प्रतिवादीहरूका नाउँमा वादीको नाउँको तुलनामा बढी सम्पत्ति भएको पाइँदा यी वादी र प्रतिवादीहरूका बीच व्यवहार प्रतिवादीहरूका बीच व्यवहार प्रमाणको आधारमा बण्डा भएको पुष्टि हुन नआउने ।

भूमिसम्बन्धी नियमहरू, २०२१ अनुसारको अनुसूची १, २ र ७ नं. अनुसारको फाराम इत्यादिको प्रश्न छ सो फारामहरू भोग व्यवहार र प्रमाणलाई पुष्टि गर्ने आधार हुन सक्छ । तर आफैंमा भोग व्यवहारको आधारमा अंशबण्डा भएको घोषणा गर्ने प्रमुख आधार बन्न नसक्ने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल पुस २८ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६४ सालको CR-०६२५, जालसाजी, *पदमसिँह थापा मगर वि. डिल्लीसरा सुनारी मगर समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६४ सालको दे.पु.नं. ११०४, निषेधाज्ञायुक्त परमादेश, *राजकुमार यादव वि. गंगाई यादव*

शिक्षिका नियुक्तिका लागि गठित समितिको मिति २०६३।६।३, मिति २०६३।६।६ का निर्णयहरू परमादेशको माध्यमबाट न्यायिक पुनरावलोकन हुनसक्ने देखिएन । निवेदकको कुनै कानून वा संविधानप्रदत्त हकमा असर पुगेको भए तत्सम्बन्धमा

आधार जिकीरसहित निर्णय बदरका लागि उत्प्रेषणको उपचार खोज्नुपर्ने थियो, जुन खोजेको देखिएन। निवेदक स्वयं उपस्थिति भई निज समेतको निर्णयबाट विज्ञापन, प्रकाशित गर्ने निर्णयले निवेदक आफूले गरेको कार्यबाट निजकै हकमा आघात पुग्यो भन्ने आधारहीन र मनोगत निवेदनमा रिट जारी हुन नसक्ने।

इजलास अधिकृतः शिवप्रसाद खनाल

इति संवत् २०६८ साज जेठ २ गते रोज २ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४-CI-००४३, अंश चलन, *मु.स. गर्ने उमेशकुमार गुप्ता वि. शिवजीप्रसाद रौनियार समेत*

प्रतिवादी गंगाप्रसादको वारेस उमेशकुमार गुप्ताले मिति २०५७।७।२१ गते गरेको अ.बं. ७८ नं. बमोजिमको बयानमा वादी सत्यनारायणको नागरिकता जालसाजी भनी बयान गरे पनि सो नागरिकताउपर साधिकार निकायमा उजूर गरी बदर गराउनेतर्फ निजले कुनै पहल गरेको पाइएन र वादीको नागरिकता नै झूट्टा हो भनी दावी गर्ने वादी गर्ने प्रतिवादीले सोउपर किन उजूर नगरेको हो सोको उचित र पर्याप्त कारण खुलाउन सकेको पाइएन। वादीले अंशमा दावी गरी सो दावी इन्कार गर्ने प्रतिवादीले नागरिकता झूट्टा हो भन्नेसम्म उल्लेख गरी सो नागरिकता झूट्टा भएको भए सो नागरिकतालाई जालसाजबाट प्राप्त गरेको व्यहोरा पुष्टि गर्नेतर्फ कुनै तत्परता देखाएको नपाइएकोले निजको नागरिकतासम्बन्धी आरोप पनि यथार्थमा आधारित नदेखिने।

नातामा विवाद गरी प्रतिवाद गर्ने प्रतिवादीहरूले सो सम्पत्ति आफूले स्वआर्जन गरेको, व्यक्तिगत ज्ञान, शीप र प्रयासबाट आर्जन गरेकोले बण्डा गर्न कर नलाग्ने भन्ने जिकीर पनि लिएको पाइयो। व्यक्तिगत सीप आर्जनबाट प्रतिवादीले आर्जन गरेको भए पनि त्यसरी प्राप्त सम्पत्ति मुलुकी ऐनको सातौं संशोधन हुनुअगाडि मिति २०३४।९।२७ गते अघि प्राप्त गरेको भए पनि त्यस्तो सम्पत्ति बण्डा गर्ने सम्पत्तिअन्तर्गत पर्ने।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल माघ १९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CI-०७४३, सशर्त हालको बकस बदर गरिपाउँ, *गणेशप्रसाद दाहाल वि.गजेन्द्रकुमार भन्ने परशुराम दाहाल*

आफूले राजीखुशीले एक पटक साधिकार निकायको रोहबरमा गई हक हस्तान्तरण गरेको लिखत बदर गराई पाऊँ भन्ने दावी लिएर अदालतमा प्रवेश गर्ने हक निवेदकलाई कानूनले प्रदान गरेको देखिन आएन। हालैदेखिको बकसपत्रको लिखत पारीत भएकै मितिदेखि दिनेको हक समाप्त भई लिनेको हक सिर्जना हुने भएकाले सोही मितिदेखि निजले सो सम्पत्ति आफूखुश गर्नबाट कुनै कानूनले निषेध नगरेको अवस्थामा मिति २०६३।१०।१८ गते प्रतिवादीले निजकोश्रीमतीलाई हालैको बकसपत्र पारीत गरेको क्रियालाई कानूनविपरीतको कार्य भन्न नमिल्ने।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६८ साल बैशाख २५ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको फौ.पु.नं. ०७००, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नानीराम थापा*

प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा अभियुक्तको कसूर प्रमाणित गर्ने भार अभियोजन पक्षमा रहेको हुन्छ। प्रस्तुत वारदात हुँदाका अवस्थामा जाहेरवालासँगै रहेका घटनाको प्रत्यक्षदर्शी भनी जाहेरीमा उल्लेख गरिएका व्यक्ति गोविन्दबहादुर खड्कालाई अभियोजन पक्षले बुझेको पनि देखिँदैन। घटनापश्चात् अभियुक्त नानीराम थापा फरार रहेको भए तापनि फरार रहनुमात्र कसूर प्रमाणित आधार हुन नसक्ने।

घटनापश्चात् प्रतिवादी नानीराम थापा फरार रहेको भए तापनि उक्त वारदात निज प्रतिवादीले नै घटाएको हो भन्ने तथ्ययुक्त साक्षी सबूदको अभाव रहेको र फरार रहनु मात्र कसूर प्रमाणित गर्ने आधार हुन नसक्ने हुँदा प्रतिवादी नानीराम थापाले आरोपित कसूरबाट सफाई पाउने।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल फागुन ३० गते रोज २ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको फौ.पु.नं. ०४३२, कर्तव्य ज्यान, *तेन्जिङ्ग शेर्पा वि. नेपाल सरकार*

मृतकको लास प्रकृति मुचुल्कामा उल्लिखित घाउ चोटको विवरण प्रतिवादीले बयानमा उल्लेख गरेको मृतकमाथि ढुङ्गा र चक्कुको प्रहारबाट भएका चोट पटकको तथ्य विवरण तथा प्रतिवादीले भनेको स्थानबाट चुप्पी बरामद भएको र जाहेरवाला राजकुमार राईको किटानी जाहेरी र निजले अदालतमा गरेको बकपत्र साथै मृतकसँग भएको नगद प्रतिवादीहरूसँग बरामद भएको समेतबाट हत्याको वारदात समर्थित भइरहेको देखिन्छ । त्यस्तै मौकामा कागज गर्ने आङदावा शेर्पा, चक्रबहादुर राई, वस्तुस्थिति मुचुल्काका मनीप्रसाद राईले अदालतमा गरेको बकपत्र आदि प्रमाणबाट यी पुनरावेदक प्रतिवादी तेन्जिङ्ग शेर्पाले मनबहादुर राइलाई ढुंगा, चुप्पी समेत प्रहार गरी कर्तव्य गरी मारी निजको साथबाट रू. ११,११५।- जवर्जस्ती चोरी गरी लगेको पुष्टि हुँदा प्रतिवादी तेन्जिङ्ग शेर्पालाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः सुन्दरबहादुर कार्की
इति संवत् २०६८ साल बैशाख २१ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६४ सालको CR-०१६४, २०६५ सालको CR-३२३, २०६६ सालको RC-००३५, खुन डाँका, *तारानाथ घर्ती वि. नेपाल सरकार, नेपाल सरकार वि.प्रेमबहादुर खड्का समेत, नेपाल सरकार वि. प्रेमबहादुर खड्का समेत*

अनुसन्धानको क्रममा अनुसन्धानबाट दोषी देखिएका अन्य व्यक्तिहरूको नाम जाहेरीमा नपरेकै कारणबाट अपराधी होइनन् भनी आँकलन गरी उन्मुक्ति पाउन नसक्ने ।

प्रतिवादीहरूले आफ्नो इन्कारीलाई प्रमाणद्वारा पुष्टि गर्न नसकेको, घटनाबाट पीडित एवं प्रत्यक्षदर्शीहरूले ती प्रतिवादीहरू घटनामा संलग्न रहेको भनी मौकामा गरेको कागजको व्यहोरालाई अदालतमा आई बकपत्र गरी पुष्टि गरिदिएको, सहअभियुक्त तारानाथ घर्तीले मौकामा यी प्रतिवादीहरू समेतलाई पोल गरी बयान गरेको स्थितिमा प्रतिवादीहरू प्रेमबहादुर खड्का, बृजनन्दन भर, मोहम्मद अली धुनियाले अभियोग दावीअनुसार खुन डाँकाको आरोपित कसूर गरेको देखिँदा अभियोग दावीअनुसार खुन डाँकाको कसूरमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत
इति संवत् २०६७ साल चैत २ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. २०६७-WH-००७५, बन्दीप्रत्यक्षीकरण, *मोतिधन राई समेत वि. गृह मन्त्रालय समेत*

बन्दीप्रत्यक्षीकरणको माग गरी विपक्षी बनाइएकाहरूमध्ये कुनै पनि निकायबाट निवेदकहरूको नामथर, वतन भएका व्यक्तिहरूलाई पक्राउ नै नगरिएको तथा थुनामा नराखिएको भन्ने विपक्षीहरूको लिखित जवाफमा निवेदन जिकीरलाई इन्कार गरिएको पाइएको छ । निवेदक मोतीधन राई, आइधन राई, राजु तामाङलाई पक्राउ गरिएको भरपर्दो र विश्वसनीय तथ्ययुक्त प्रमाण समेत प्रस्तुत गर्न सकेको देखिँदैन । साथै पेसीका अवस्थामा निवेदक पक्षलाई पटक-पटक बेञ्चबाट पुकार हुँदा समेत उपस्थित भएको देखिएन । बन्दीप्रत्यक्षीकरणको आदेश गैरकानूनी पक्राउ तथा गैरकानूनी थुनामा राख्ने व्यक्ति तथा निकायउपर जारी गरिने हुँदा पक्राउ भएको नै पुष्टि नभएको तथा थुनामा नरहेको अवस्थामा विपक्षीहरूउपर बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन नपर्ने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी
कम्प्युटरः सुन्दरबहादुर कार्की
इति संवत् २०६८ साल जेठ ८ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको दे.पु.नं. ०६६-CI-१०००, लिखत दर्ता बदर दर्ता, *कृष्ण चौधरी समेत वि. पल्टन चौधरी*

दावीको जग्गा वादीहरूका पति तथा पिता रामबहादुर चौधरीको आफ्ना पालाको आर्जनको सम्पत्ति भन्ने देखिएको र त्यस्तो सम्पत्ति हक हस्तान्तरण गर्दा पुनरावेदक वादीहरूको मञ्जूरी लिइरहनु नपर्ने हुँदा

आफ्नो हकसम्मको लिखत बदर गरिपाऊँ भन्ने दावी कानूनसम्मत नदेखिने ।
इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल जेठ ५ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको दे.पु.नं. ०८४७, हक कायम दर्ता बदर जग्गा खिचोला मेटाई चलन, *कान्तीदेवी साह वि. हंशराज यादव*

अदालतबाट भइआएको नक्सा मुचुल्का हेर्दा विवादित जग्गा न.नं. १३ मा उल्लेख भएको र सो जग्गा नरबढी देखिएको साथै साँधमा जोडिएको वादीको जग्गा नरघटी देखिन आयो । प्रतिवादी कान्तीदेवी साहको साविक कि.नं. २८२ नापी हुँदा कि.नं. ५४ र ५५ कायम भई सोको क्षेत्रफल साविक क्षेत्रफलभन्दा बढी कायम भएको देखिएकोले पश्चिमतर्फबाट पूर्वतर्फ उत्तरदक्षिण वारपार वादीको नपुग क्षेत्रफल ०-०-८ धुर जग्गा प्रतिवादी कान्तीदेवी साहले खिचोला गरेको देखिँदा प्रतिवादी कान्तीदेवी साहले विवादित जग्गामध्ये पश्चिमतर्फबाट पूर्वतर्फ नै उत्तर दक्षिण ज.वि. ०-०-८ धुर जग्गासम्म खिचोला गरेको सो जग्गामा वादी हंशराज यादवले चलन समेत चलाई पाउने ।
इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल चैत १३ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको फौ.पु.नं. ०७६३, कर्तव्य ज्यान, *खुमबहादुर पुरी वि. नेपाल सरकार*

अभियुक्तले अपराध गर्नुपर्दाका परिस्थिति, सो बेलाको निजको मनस्थिति तथा निजका पूर्ववर्ती र अनुवर्ती आचरणलाई हेर्दा सर्वश्वसहित जन्मकैद वा जन्मकैद नगरी सजाय घटाउने एउटा आधार बन्न सक्दछ । प्रस्तुत विवादमा पुनरावेदन गर्दा आफ्नो सावितीलाई यी प्रतिवादीले अस्वीकार गरेको अवस्था छ । अपराधप्रति प्रायश्चितको भावना पटक्कै देखिँदैन । यति मात्र नभई पूर्व योजनाकासाथ षड्यन्त्रपूर्ण ढंगले सुनियोजित र अत्यन्त क्रुरतापूर्वक हत्या गरिएको देखिएको छ । यसबाट अदालतमा सावित भएकै एकमात्र कारणले सजाय घटाउनु पर्छ भन्न मनासिब देखिएन । अपराधको प्रकृति, अभियुक्तको योजनावद्ध क्रूरता र पश्चातापको अभावका कारणबाट सजाय घटाउन अ.बं. १८८ नं. को प्रयोग गर्नुपर्ने अवस्था नदेखिने ।
इजलास अधिकृतः परशुराम भट्टराई
इति संवत् २०६७ साल चैत १६ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** २०६४ सालको दे.पु.नं. ०२१०, लिखत दर्ता बदर, दर्ता कायम, *पशुपति सेन गुप्ता वि. जगतमान प्रधान समेत*

आफूले हस्तान्तरित गरेको सम्पत्ति पाको बनाई दिने उद्देश्यले कानूनी उपाय अवलम्बन गर्ने दायित्व दातामा रहेको हुन्छ । अ.वं. २०५ ले पनि एकै मुद्दाका हार्ने मुद्दामा कसैको पुनरावेदन उजूर परेकोबाट जाँचिदा इन्साफ उल्टिने स्थिति देखिएमा पुनरावेदन नगर्नेका हकमा समेत पुनरावेदन दिने व्यक्ति सरह उल्टाई इन्साफ दिनुपर्ने दायित्व इन्साफकर्तामा रहेको छ । तर, मूल लिखत बदर मुद्दामा कि.नं. ११८ समेतको लिखत खण्डे बदर भएबाट अ.बं. २०५ को अवस्था प्रस्तुत मुद्दामा नरहने ।
इजलास अधिकृतः परशुराम भट्टराई
इति संवत् २०६७ साल चैत ८ गते रोज ३ शुभम् ।

११

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** रि.नं. २०६५-WO-०२२४, उत्प्रेषण, *शेरबहादुर श्रेष्ठ वि. गोमामाया श्रेष्ठ समेत*

म्याद बुझिसकेपछि मुद्दा परेको आफूलाई जानकारी नै थिएन भन्न मिल्ने देखिँदैन । यसरी आफैंले म्याद बुझेर पनि प्रतिउत्तर नफिराई बसेको अवस्थामा कानूनबमोजिम भएको फैसलालाई अन्यथा मानी निवेदकलाई जानकारी नै नभएको भन्ने जिकीर लिनुलाई निवेदकको मनसाय सफा र शुद्ध रहेको देखिँदैन । प्रतिवाद नगर्ने यी निवेदकलाई यस निवेदनका माध्यमबाट जिल्ला अदालतले गरेको निर्णयलाई चुनौती दिने हक छैन । त्यसमा पनि फैसला कार्यान्वयनको क्रममा गइसकेपछि सो प्रक्रिया विरूद्ध परेको रिट निवेदन सफा र शुद्ध हात, वैकल्पिक उपचार, गम्भीर कानूनी त्रुटि तथा मौलिक तथा कानूनी हक हनन्

समेतका कुनै पनि सिद्धान्तका आधारमा जारी हुन नसक्ने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६८ साल जेठ ९ गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको दे.पु.नं. ०८४७, जग्गा दर्ता, *धर्मरत्न शाक्य वि. रमिला शाक्य*

विवादित जग्गा मौजा बालाजु हा.नं. १०६३ को लगतसँग भिड्ने जग्गा हो र उक्त जग्गाको जग्गाधनी आशामाया भन्ने अष्टमाया शाक्यको हो भनी यी पुनरावेदक धर्मरत्न शाक्यले विवादित जग्गा दर्ता नामसारीका लागि मालपोत कार्यालय डिल्लीबजारमा निवेदन परेको देखिन्छ । तर, प्रमाणहरूको सरसर्ती अवलोकनकै आधारमा सो दावी निरर्थक देखिँदा प्रमाणको मूल्याङ्कन गर्नुपर्ने चरणमा प्रवेश गरी हकबेहकमा बोल्नु पर्ने नदेखिँदा दावीको का.जि. मनमैजु गा.वि.स. वडा नं. ६, कि.नं. ४ को क्षे.फ. २-०-२-० जग्गा प्रत्यर्थी रमिला शाक्यको नाउँमा दाखेल खारेज नामसारी दर्ता हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल चैत ८ गते रोज ३ शुभम् ।

१३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको फौ.पु.नं.०१४०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कर्णबहादुर विष्ट*

घटनास्थलमा मृतक र प्रतिवादीबीचमा झगडा भएको भए घर्षणका चिन्हहरू सो स्थल तथा मृतकको शरीरमा समेत देखिनु पर्नेमा सो केही पनि देखिँदैन । मृतकको मृत्युको कारणमा टाउकाको चोटबाट भएको भनी शव परीक्षण प्रतिवेदनबाट देखिन्छ । प्रतिवादीको साविती भनिएको कागजमा भनाइएको अभियुक्तले मृतकको घाँटी थिचेको चिन्ह शव परीक्षण प्रतिवेदनमा देखिँदैन । यस्तो अवस्थामा यदि यी प्रतिवादीले नै मृतकको हत्या गरेको भए सो लास लुकाउने, आफू अपराधबाट भाग्न, बच्न, लुक्न सक्ने प्रशस्त सम्भावना हुँदा पनि सो केही नगरी बसेको अवस्था समेत देखिन्छ । जाहेरी दरखास्त नै आशंकाको भरमा परेको देखिँदा र मिसिल संलग्न अन्य प्रमाणबाट मृतकलाई यी प्रतिवादीले नै मारेको हो भन्ने कुरा प्रमाणित हुन सकेको नदेखिँदा प्रत्यक्ष प्रमाणको अभावमा कसैलाई पनि कसूरदार ठहऱ्याउन नमिल्ने र शंकाको सुविधा अभियुक्तले पाउने हुँदा आरोपित अभियोगबाट प्रतिवादीले सफाइ पाउने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल चैत ८ गते रोज ३ शुभम् ।

१४

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४ सालको CR-०६४४, कालोबजार तथा अन्य केही सामाजिक अपराध, *नेपाल सरकार वि. सुरेशकुमार मित्तल*

मुद्दा दायर गर्न स्वीकृति दिने अधिकारी र मुद्दा चलाउन निर्णय गर्ने अधिकारी एकै व्यक्ति रहेको र मुद्दा चलाउन स्वीकृति दिने अधिकारीबाट नै मुद्दा दायर भएको अवस्थामा ऐनको दफा १४(१) बमोजिम स्वीकृत नलिएको आधारमा मात्र अभियोग खारेज गर्न मिल्ने देखिन आएन । यसमा कालोबजार तथा अन्य केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२ दफा ६, ९, तथा १४ मा भएको समग्र कानूनी व्यवस्थाको सन्दर्भमा प्रमाण तथा कानूनको समुचित मूल्याङ्कन एवं व्याख्या गरी जो जे हुने हो कानूनबमोजिम निर्णय गर्नुपर्नेमा मुद्दा दायर गर्ने स्वीकृति नलिएको भन्ने आधारमा मात्र अभियोग पत्र खारेज हुने भनी गरेको निर्णय मिलेको नदेखिने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

इति संवत् २०६७ साल फागुन ३० गते रोज २ शुभम् ।

१५

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** साधक नं. २०६७-RC-००३४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सकरे लुहार*

प्रतिवादीले अदालतमा बयान गर्दा जंगलमा तरूल खन्दा आफूले फ्याँकेको ढुंगाले लागी मृतकको मृत्यु भएको हो भनी बयान गरेको देखिए तापनि मिसिल संलग्न लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन र Forensic Lab को प्रतिवेदन समेतका

उल्लिखित प्रमाणबाट प्रतिवादीको उक्त कथन समर्थित हुन आउँदैन । उक्त प्रमाणहरूबाट निजले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान व्यहोरा समर्थित भएको देखिन्छ । यसबाट प्रतिवादीले मृतकलाई पाशविक तवरले शरीरका विभिन्न भागमा टोकी चिथोरी जबर्जस्ती करणी गरेको र करणी गरेपश्चात् पीडितले आफ्नो त्यस्तो कुकृत्य घरमा गई व्यक्त गर्ने भयले पीडितलाई घाँटी अँठ्याई मारेको तथ्य प्रमाणित हुन आएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६७ साल चैत १० गते रोज ५ शुभम् ।

१६

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** साधक नं. २०६७-RC-००६५, कर्तव्य ज्यान, *नेपाल सरकार वि.डिलबहादुर हमाल समेत*

प्रतिवादीले आफूले समेत मृतकलाई प्रहार गरेको हो भनी बयान गरेको पाइँदैन । वारदातका प्रत्यक्षदर्शीहरूको बकपत्रबाट समेत प्रतिवादी लालु जैसीले मृतकलाई कुटपीट गरेको भन्ने देखिन आउँदैन । तसर्थ प्रतिवादी लालु जैसीलाई अभियोग माग दावीबाट सफाइ दिने र प्रतिवादी डिलबहादुर हमालले आरोपित कसूर गरेको ठहर्‍याई निजलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

पूर्व नियोजित रूपमा वारदात भएको नदेखिएको र ज्यानै लिनुपर्ने सम्मको प्रतिवादीको पूर्व रिसइवी रहेको समेत नदेखिई रक्सी खाइरहेको अवस्थामा तत्काल उठेको विवादका कारण प्रतिवादी डिलबहादुर हमालले गरेको कुटपीटबाट मृतक दलजीत भण्डारीको मृत्यु भएको देखिन आएको हुँदा ऐनबमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकोले प्रतिवादी डिलबहादुर हमाललाई अ.बं. १८८ नं. अनुसार १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६७ साल चैत १० गते रोज ५ शुभम् ।

१७

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** साधक नं. २०६७-RC-००६६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बाजी थारू*

प्रतिवादी बाजी थारूले आरोपित कसूर गरेमा अनुसन्धान अधिकारी र अदालतमा समेत सावित भई बयान गरेको र निजको उक्त साविती जाहेरवाला र प्रत्यक्षर्शीहरूको बकपत्र समेतबाट समर्थित भएको देखिँदा पुरानो रीसइवी समेत साँध्न प्रतिवादीले मनसायपूर्वक हँसिया प्रहार गरी कोपिला खनालको ज्यान मारेको देखिन आएकोले निजलाई अभियोग माग दावीबमोजिम ज्यानसम्बन्धीको महलको १३(१) नं. अनुसार सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६७ साल चैत १० गते रोज ५ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६७ सालको WO-०९५८, *उत्प्रेषण, रूपकुमार न्यौपाने वि. गृह मन्त्रालय*

आफू विरूद्ध भएको निर्णयउपर चित्त नबुझाई पुनरावेदन दिएको अवस्थामा पुनरावेदनको कारवाही टुङ्गो नलागेसम्म शुरूको निर्णय अस्वीकार गरी काम नगरी बस्न पाउँछ वा प्रहरी कर्मचारीले शुरू निर्णयउपर चित्त नबुझाई पुनरावेदन गरेको अवस्थामा पुनरावेदन तहबाट निर्णय नहुन्जेलसम्म साविककै उपल्लो पदको कामकारवाही गर्न पाउँछ भन्ने सम्बन्धमा पनि प्रष्ट कानूनी व्यवस्थाको अभावमा निवेदकले पुनरावेदन तहको निर्णय नहुन्जेलसम्म कुनै कार्यालयमा हाजिर हुन पर्दैन भन्न मिल्ने देखिएन । कर्मचारीको पदको निरन्तरता निजले पदमा रहेर सेवा गरेकै अवस्थामा मात्र हुने देखिन्छ । पदमा कायम नरही कुनै निकायमा हाजिर नरही कर्मचारीको सेवाको निरन्तरता रहन सक्दैन । यस अवस्थामा निवेदकले शुरू निर्णयबमोजिम पद घटुवा गरी पदस्थापन गरेको पदमा तत्काल जान नपरोस् भनी लिएको जिकीर औचित्यपूर्ण नदेखिने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६७ साल चैत ३० गते रोज ४ शुभम् ।

२

**माननीय न्यायाधीश श्री प्रकाश वस्ती,** २०६८ सालको रिट नं. ०६७-WO-११६३, उत्प्रेषणयुक्त परमादेश, *खुमाप्रसाद अर्याल वि.राजश्व न्यायाधिकरण पोखरा*

प्रशासकीय पुनरावलोकनको निवेदन दायर गर्दा आयकर ऐनको दफा ११५(६) बमोजिमको रकम अनिवार्य रूपमा दाखिल गर्नुपर्ने निर्माणकर्ताको मनसाय भएको मान्नुपर्ने हुन्छ । निवेदकले उक्त रकम दाखिल नगरी दायर गरेको प्रशासकीय पुनरावलोकनको निवेदन मिति २०६५।७।१७ मा आन्तरिक राजश्व विभागबाट दरपीठ गरेको निर्णय र राजश्व न्यायाधिकरण पोखराबाट उक्त दरपीठ आदेशलाई सदर गरेको आदेश कानूनप्रतिकूल भएको नदेखिने ।

मिति २०६६।१०।५ मा भएको आदेशको मिति २०६७।१२।३० मा नक्कल लिएको भन्ने ढिलो गरी नक्कल लिनुको कारण नजनाई राजश्व न्यायाधिकरण पोखराको आदेश समेत विरूद्ध मिति २०६८।३।६ मा १ वर्ष ६ महिनापश्चात् मात्र यी निवेदक यस अदालतमा प्रस्तुत रिट दायर गर्न आएको देखिन्छ । रिट निवेदन दायर गर्ने हदम्यादको व्यवस्था नभए तापनि संविधान तथा कानूनद्वारा प्रदत्त अधिकारमा प्रतिकूल असर पर्ने व्यक्तिले अनुचित बिलम्ब नगरी अधिकारको खोजी गर्नुपर्ने सामान्य सिद्धान्त हो । आफ्नो अधिकारको हनन् भयो भन्दै अनुचित विलम्ब गरी अदालत प्रवेश गर्नेलाई अदालतले मद्दत गर्न सक्दैन । कानूनको ठाडो त्रुटि गरी निर्णय भएको नदेखिई चुनौती दिइएको निर्णय कानूनसम्मत नै देखिने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमिल्सिना

इति संवत् २०६८ साल असार ७ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६७-WO-१२८२, उत्प्रेषण, *नेउकी महतो कोइरी वि. रामअयोध्या प्रसाद यादव समेत*

सर्वोच्च अदालतबाट मिति २०६६।२।११ को अन्तिम फैसला कार्यान्वयन मालपोत कार्यालयले नगरी अपहेलना गरेको भन्ने सन्दर्भमा परेको संवत् ०६६-MS-००१३ को अदालतको अपहेलना मुद्दामा सर्वोच्च अदालतको मिति २०६७।११।५ को आदेशबाट मालपोत अधिकृतलाई सजाय समेत भएको पाइन्छ । सर्वोच्च अदालतकै फैसला कार्यान्वयन गर्ने सिलसिलामा मालपोत कार्यालय, बाराबाट मिति २०६८।२।५ मा निवेदनमा उल्लिखित जग्गाहरू विपक्षीहरूका नाममा दा.खा. गर्ने गरी निर्णय भएको पाइयो । अदालतको अन्तिम फैसलामा उल्लिखित जग्गालाई फैसला कार्यान्वयनको सिलसिलामा दा.खा. गरेको मालपोत कार्यालय, बाराको मिति २०६८।२।२५ को निर्णयलाई त्रुटिपूर्ण मान्न नमिल्ने ।

एकातर्क तह-तह भई अन्त्यमा सर्वोच्च अदालतबाट भएको अन्तिम फैसला कार्यान्वयनको सिलसिलामा मालपोत कार्यालयले मिति २०६८।२।२५ मा गरेको निर्णयलाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिएको र अर्कोतर्फ यी निवेदक स्वयंको निवेदन व्यहोराबाट हक कायम मुद्दा बारा जिल्ला अदालतमा चलिरहेको भन्ने देखिँदा अन्य उपचारको बाटो समेत अवलम्बन गरिरहेको अवस्था हुँदा यस अदालतबाट रिट क्षेत्राधिकार ग्रहण गरी निर्णय गर्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद अवस्थी

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री कमलनारायण दास,** २०६७-WO-०९२७, उत्प्रेषण परमादेश समेत, *चूडामणि ढुंगेल वि. लक्ष्मी डंगोल महर्जन समेत*

विपक्षीबाट कीर्ते जालसाजी भएको भन्ने सन्दर्भमा दिएको कीर्ते जालसाजी मुद्दाबाटै सो सन्दर्भमा निर्णय हुने नै भएकाले सो कुरालाई कारण बनाई अदालतमा अन्तिम रहेको फैसलाको कार्यान्वयनलाई रिटको अधिकारक्षेत्रबाट रोक्ने प्रश्न नउठ्ने ।

निवेदकले साधारण अधिकारक्षेत्रको उपचारको प्रयोग गरिसकेपछि पुनरावेदकीय अधिकारक्षेत्र सरह असाधारण अधिकारक्षेत्रको वरण गरेको पाइन्छ । अदालतले रिट अधिकारक्षेत्रको प्रयोग गर्दा पुनरावेदकीय अधिकारक्षेत्रको अधिकार प्रयोग गरी उपचार दिन नसक्ने हुँदा तहसीलदारको अनुपस्थितिमा स्रेस्तेदारले ऐ. नियम ८ को उपनियम (३) अनुसार तोकिएको स्रेस्तेदारले ऐ. नियम ८ को उपनियम (१) खण्ड (क) अन्तर्गतको अधिकार प्रयोग गरेको कार्यलाई अधिकारविहीन भन्न नमिल्ने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल चैत १६ गते रोज ४ शुभम् ।